# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३७ | काठमाडौं | बुधबार, १६ जेठ २०८१ | Prabhab National Daily | Wednesday, May 29, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।


प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## आगामी आवको बजेट

# १८ खर्ब ६० अर्ब

### ऋणको आश्रयमा बढाइयो आकार, कार्यान्वयनमा चुनौती






चालु आर्थिक वर्षको बजेटको तुलनामा ६.२ प्रतिशत तथा संशोधित बजेटको २१.५६ प्रतिशतले बढी

प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणः ४ खर्ब ८ अर्ब २७ करोड

**बजेटको स्रोत**

| | |
|---|---|
| राजस्व | : १२ खर्ब ६० अर्ब ३० करोड |
| वैदेशिक अनुदान | : ५२ अर्ब ३३ करोड |
| वैदेशिक ऋण | : २ खर्ब १७ अर्ब ६७ करोड |
| आन्तरिक ऋण | : ३ खर्ब ३० अर्ब |

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले बजेटको तयारी गरिरहँदा अधिकांश अर्थविद्हरूबाट आएको सुझाव थियो– आकार नबढाउनू, बरू कार्यान्वयनयोग्य बजेट ल्याउनू । अर्थमन्त्री वर्षमान पुन पनि यसमा सहमत थिए । महत्त्वाकांक्षीभन्दा पनि कार्यान्वयन हुने बजेट ल्याउने उनको प्रतिबद्धता थियो । तर उनी आफ्नो प्रतिबद्धता कार्यान्वयनमा चुकेका छन् ।

अर्थमन्त्री पुनले मंगलबार संघीय संसद्को संयुक्त सदनमा आगामी आर्थिक वर्ष (आव) २०८१/८२ को बजेट प्रस्तुत गरे । जुन अहिलेसम्मकै ठूलो आकारमा आएको छ । अर्थमन्त्री पुनले आगामी आवका लागि १८ खर्ब ६० अर्ब ३० करोड रूपैयाँको बजेट ल्याएका हुन् । यो चालु आवको बजेटको तुलनामा ६.२ प्रतिशत तथा संशोधित बजेटको २१.५६ प्रतिशतले बढी हो ।

चालु आर्थिक वर्ष २०८०/८१ का लागि १७ खर्ब ५१ अर्ब ३१ करोड रूपैयाँबराबरको बजेट ल्याएकोमा अर्धवार्षिक समीक्षामार्फत घटाएर १५ खर्ब ३० अर्ब २६ करोड खर्च हुने संशोधित अनुमान गरिएको थियो । दोस्रोपटक संशोधन गर्दै १५ खर्ब ३० अर्ब ३५ करोड अर्थात् विनियोजनको ८७.४ प्रतिशत खर्च हुने अनुमान गरिएको अर्थमन्त्री पुनले बजेट भाषणको क्रममा जानकारी दिए ।

(**क्रमशः पृष्ठ २ मा**)

- आर्थिक वृद्धिको लक्ष्य ६ प्रतिशत
- मुद्रास्फीति (मूल्यवृद्धि) ५.५ प्रतिशतमा सीमित गरिने
- आगामी आर्थिक वर्ष आर्थिक सुधारको वर्ष घोषणा
- अर्थतन्त्रको संरचनागत सुधारका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव कार्यदल गठन गरिने
- एक लाख युवाको रोजगारी सुनिश्चित गरिने
- 'रिटर्नी उद्यमशीलता कार्यक्रम' सञ्चालन गरी वैदेशिक रोजगारीबाट फर्किएका एक लाखलाई स्वरोगजार बनाइने
- आगामी वर्ष १६ लाख विदेशी पर्यटक भित्र्याइने
- 'प्रधानमन्त्री छोरी' कार्यक्रमलाई १० करोड
- आगामी आर्थिक वर्षलाई 'महिला लगानी वर्ष'का रूपमा मनाइने
- जनकपुरलाई विवाह गन्तव्य र लुम्बिनीलाई 'बर्थिङ हब'को रूपमा प्रवर्द्धन गरिने

## यस्ता छन् नयाँ नारा र कार्यक्रम

**काठमाडौं (प्रस)–** सरकारले पुँजीगत खर्च कार्यान्वयनमा देखिएको चुनौतीको सामना गर्न अर्थतन्त्र सुधारका कार्यक्रममार्फत समृद्धि हासिल गर्नेलगायत नयाँ कार्यक्रमहरू प्रस्ताव गरेको छ । अर्थमन्त्री वर्षमान पुनद्वारा संघीय संसद्को संयुक्त बैठकमा मंगलबार प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा सरकारको राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) मा आगामी आर्थिक वर्षलाई आर्थिक सुधारको वर्ष घोषित गरिएको छ ।

बजेटमा आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन, कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास तथा (**क्रमशः पृष्ठ २ मा**)

**सहकारीको रकम अपचलन प्रकरण**

## बन्यो संसदीय छानबिन समिति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले लामो समयदेखि राख्दै आएको मागअनुसारको संसदीय छानबिन समिति बल्ल बनेको छ । गोरखा मिडिया नेटवर्कमा सहकारीको रकम लगानी भएको र बचतकर्ताले आफ्नो रकम नपाएपछि कांग्रेसले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि अनुसन्धानको माग गर्दै समिति माग गरेको थियो ।

गृहमन्त्री लामिछाने गोरखा मिडियामा लगानीकर्ता हुन् भने यसका अर्का सञ्चालक गितेन्द्रबहादुर (जिबी) राई फरार सूचीमा छन् । कांग्रेसले यो प्रकरणमा लामिछाने दोषी रहेको आरोप लगाउँदै छानबिन गर्नुपर्ने माग राख्दै आए पनि सत्तापक्षले आनाकानी गर्दै आएको थियो । आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने समयमा अप्ठेरो पारेपछि समिति गठन गर्न सरकार बाध्य बनेको हो । नेकपा एमालेका सांसद सूर्य थापाको संयोजकत्वमा बनेको छानबिन समितिको नाम 'सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति' राखिएको छ ।

मंगलबार बसेको प्रतिनिधिसभाको बैठकमा सभामुख देवराज घिमिरेले उक्त समितिको प्रस्ताव गरेका थिए । 'संघीय संसद्मा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र अन्य विपक्षी दलका प्रतिनिधिसभा सदस्यहरूले विगत केही समयदेखि मुलुकको वित्तीय प्रणाली र सहकारी क्षेत्रमा देखिएका समस्याका बारेमा उठाउनुभएका मुद्दा र कानुनविपरीत बचतकर्ताको बचत रकम दुरूपयोग भएको भनी संसदीय छानबिन समितिको माग हुँदै आएको विषयमा अध्ययन गर्न प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १८० बमोजिम समिति गठन गरिएको छ,' सभामुख घिमिरेले प्रस्ताव गरेसँगै उक्त समितिको प्रस्ताव प्रतिनिधिसभाबाट पारित भयो । समितिमा थापासँगै एमालेबाट सरिता भुसाल सदस्य रहेकी छन् ।

- एमाले सांसद सूर्य थापा समितिको संयोजक
- एमालेबाट संयोजक थापासहित दुई, कांग्रेसबाट दुई तथा माओवादी, रास्वपा र राप्रपाबाट एक–एक जना सदस्य
- समितिलाई चार बुँदे कार्यादेश, तीन महिनाभित्र प्रतिवेदन बुझाउनुपर्ने

कांग्रेसबाट ईश्वरीदेवी न्यौपाने र सहमहामन्त्री बद्री पाण्डे, माओवादी केन्द्रबाट लेखनाथ दाहाल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट शिशिर खनाल र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट ध्रुवबहादुर प्रधान सदस्य रहेका छन् । सोमबार शीर्ष नेताहरूबीच भएको सहमतिअनुसार मंगलबार छानबिन समितिको कार्यादेश बनाउन गठन भएको कार्यदलको बैठकले टिओआर टुंग्याएको हो । समितिको कार्यावधि तीन महिनाको हुने उल्लेख गरिएको छ ।

(**क्रमशः पृष्ठ २ मा**)

**सन्दर्भः वैदेशिक रोजगार**

### बजेटमा वैदेशिक रोजगार

# 'रिटर्नी उद्यमशीलता'मार्फत एक लाख 'रिटर्नी'लाई स्वरोजगार

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्ष वैदेशिक रोजगारबाट फर्किएका एक लाख जनालाई स्वरोजगार बनाउने महत्त्वाकांक्षी योजना घोषणा गरेको छ । अर्थमन्त्री वर्षमान पुनले मंगलबार आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट भाषणमार्फत यस्तो योजना सार्वजनिक गरेका हुन् ।

'वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुँजीमार्फत उद्यमशीलता प्रवर्द्धन गर्न रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई स्वरोजगार बनाइने छ,' बजेटको बुँदा नं. १३८ मा उल्लेख छ । सरकारको यो योजना निकै महत्त्वाकांक्षी देखिन्छ ।

त्यस्तै वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा विनाधितो ऋण उपलब्ध गराइने पनि सोही बुँदामा उल्लेख गरिएको छ । विभिन्न देशसँग गरिएका श्रम सम्झौता पुनरावलोकन गरी वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, मर्यादित रोजगारी, बिमा र तत्काल गुनासो सम्बोधनलगायतका विषयहरू थप व्यवस्थित गर्ने बताइएको छ ।

यस्तै नयाँ र आकर्षक गन्तव्य मुलुकहरूको पहिचान गरी रोजगारीका अवसरहरूको उपयोग गर्ने नीति अघि सारिएको छ । साथै आगामी आर्थिक वर्षमा थप तीन प्रमुख गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गर्ने घोषणा

- वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा विनाधितो ऋण उपलब्ध गराइने
- थप तीन प्रमुख गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गरिने
- अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क गर्ने व्यवस्था मिलाइने

गरेको छ । वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको दक्षता अभिवृद्धि गर्न गन्तव्य मुलुकको मागअनुसार आवश्यक सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइएको छ । बजेटमा वैदेशिक रोजगारीमा जानुपूर्व प्रदान गरिने अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क गर्ने व्यवस्था मिलाउने उल्लेख गरिएको छ ।

अर्थमन्त्री पुनले वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने उद्घोषसमेत गरेका छन् । उनले वैदेशिक रोजगारीलाई थप व्यवस्थित गर्न कूटनीतिक नियोगहरूलाई प्रभावकारी रूपमा परिचालन गर्दै गन्तव्य मुलुकमा अलेखबद्ध नेपाली श्रमिकको दर्ता गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिने उल्लेख गरेका छन् । यसैगरी वैदेशिक रोजगारीमा गएका श्रमिकका आश्रित परिवारलाई कल्याणकारी कोषबाट प्रदान हुने लाभको दायरा बिस्तार गरिने बताइए पनि रकम किटान गरिएको छैन । यससम्बन्धी सेवा स्थानीय तहबाट प्रवाह हुने व्यवस्था मिलाइने बजेटमा उल्लेख गरिएको छ ।

अर्थमन्त्री पुनले वैदेशिक रोजगारलाई उपयोग गर्ने नीति लिँदै आन्तरिक रोजगारी सिर्जनाका लागिसमेत बजेट घोषणामार्फत प्राथमिकता दिएका छन् । उनले श्रमिकलाई उचित र मर्यादित श्रम अभ्यास गर्ने हक सुनिश्चित गर्ने उल्लेख गरेका छन् । श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाई स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्दै सामाजिक सम्वादमार्फत असल श्रम सम्बन्ध विकास गरिने नीति लिइएको छ ।

बजेटमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत स्थानीय तहमा सूचीकृत बेरोजगारलाई सार्वजनिक निर्माण तथा मर्मतसम्भार आयोजनाका काममा सहभागी गराई करिब दुई लाख व्यक्तिलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने उल्लेख छ । यस कार्यक्रमका लागि छ अर्ब रूपैयाँ विनियोजन गरिएको छ । त्यस्तै प्रशिक्षार्थीलाई आवासीय सुविधासहितको रोजगारमूलक व्यावसायिक सीप प्रदान गर्न तालिम प्रतिष्ठानलाई अन्तर ाष्ट्रियस्तरको बहुउद्देश्यीय तालिम केन्द्रको रूपमा विकास गर्ने बताइएको छ । साथै आगामी आर्थिक वर्ष प्रत्येक प्रदेशमा कम्तीमा एक हजार युवालाई सीपमूलक तालिम प्रदान गर्न ४३ करोड रूपैयाँ विनियोजन गरिएको बजेटमा उल्लेख छ ।

अर्थमन्त्री पुनले बजेटमार्फत रोजगार बैंकको स्थापना गरी रोजगारीसम्बन्धी सूचनाको एकीकृत अभिलेख तयार गर्ने घोषणा गरेका छन् । श्रमबजारमा उपलब्ध रोजगारीको अवसर तथा जनशक्तिको माग र आपूर्तिलाई स्वचालित प्रणालीमा आबद्ध गराउने बताइएको छ ।

(**क्रमशः पृष्ठ २ मा**)




पृष्ठ १ बाट क्रमशः

## पुँजीगत बजेट १८.९४ प्रतिशतमात्रै

आगामी आर्थिक वर्षका लागि ल्याइएको बजेटमा पुँजीगततर्फ न्यून विनियोजन भएको छ। विकास निर्माणमा खर्च हुने बजेट वित्तीय व्यवस्थातर्फको बजेटभन्दा न्यून छ। पुँजीगत शीर्षकमा तीन खर्ब ५२ अर्ब ३५ करोड रूपैयाँ बजेट विनियोजन गरेका छन्, जुन कूल बजेटको १८.९४ प्रतिशत हो। जबकि वित्तीय व्यवस्थातर्फ अर्थमन्त्रीले तीन खर्ब ६७ अर्ब २८ करोड रूपैयाँ विनियोजन गरेका छन्। वित्तीय व्यवस्थातर्फ विनियोजित रकम कूल बजेटको १९.७४ प्रतिशत हो। अर्थमन्त्री पुनले चालु खर्चका लागि कूल बजेटको ६१.३१ प्रतिशत अर्थात् ११ खर्ब ४० अर्ब ६६ करोड रूपैयाँ विनियोजन गरेका छन्। अर्थविद्हरूले मुलुकको अर्थतन्त्र रूपान्तरणका लागि आवश्यक पुँजीगत बजेट बढाउन सरकार चुकेको प्रतिक्रिया दिएका छन्।

### ऋणको आश्रयमा बजेट

अर्थमन्त्री पुनले बजेटको स्रोतमा उल्लेख गरेको ऋणको अंश ठूलो देखिएको छ। उनले राजस्व र वैदेशिक अनुदानबाट अपुग हुने पाँच खर्ब ४७ अर्ब ६७ करोड रूपैयाँ ऋणबाट जुटाउने उल्लेख गरेका छन्। जसमा दुई खर्ब १७ अर्ब ६७ करोड रूपैयाँ वैदेशिक ऋण र तीन खर्ब ३० अर्ब रूपैयाँ आन्तरिक ऋण लिइने अर्थमन्त्री पुनले बताए।

सत्तापक्षकै सांसद डा. स्वर्णिम वाग्लेले ऋणको आकार बढी भएको प्रतिक्रिया दिए। राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका रास्वपा सांसद वाग्लेले यति धेरै ऋणको आश्रय लिनु खतरा मान्नुपर्ने औंल्याए। सरकारले आन्तरिक ऋण धेरै लिंदा उद्यम व्यवसायलाई असर गर्ने उनको भनाइ छ। 'पाँच खर्बभन्दा बढी ऋण लिने भयो। त्यो आएर आर्थिक वृद्धि भए त राम्रै भयो। आन्तरिक ऋण बजारबाट सोसेर लिंदा सरकारले खर्च गर्ने हो। तर आन्तरिक ऋण धेरै लिंदा निजी क्षेत्रले उद्यमका लागि ऋण पाउनबाट वञ्चित हुनुपर्ने स्थिति आउन सक्छ,' उनले भने।

राजस्वबाट १२ खर्ब ६० अर्ब ३० करोड रूपैयाँ जुटाउने लक्ष्य बजेटमा तय गरिएको छ। चालु आवको स्थिति हेर्ने हो भने यो लक्ष्य भेट्टाउन सरकारलाई कठिन हुने देखिन्छ। चालु आवमा लक्ष्यबमोजिम राजस्व संकलन नहुँदा सरकारलाई खर्च व्यवस्थानमा सकस परिरहेको छ। आगामी आवमा सरकारमाथि थप दबाब बढ्ने अर्थविद्हरूको विश्लेषण छ।

### प्रदेश र स्थानीय तहलाई पाँच खर्ब ६७ अर्ब

संघीय सरकारबाट हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट आगामी आर्थिक वर्ष २०८१/८२ मा प्रदेश र स्थानीय तहका लागि पाँच खर्ब ६७ अर्ब रूपैयाँबराबर हस्तान्तरण हुने अनुमान गरिएको छ। अर्थमन्त्री पुनले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदानतर्फ संघीय सरकारले प्रदेशका लागि ६० अर्ब रूपैयाँ तथा स्थानीय तहका लागि ८८ अर्ब रूपैयाँ विनियोजन गरिएको बजेट वक्तव्यमा उल्लेख गरेका छन्।

ससर्त अनुदान प्रदेशका लागि २५ अर्ब ८४ करोड र स्थानीय तहका लागि दुई खर्ब आठ अर्ब ८८ करोड रूपैयाँ गरी जम्मा दुई खर्ब ३४ अर्ब ७३ करोड रूपैयाँबराबर हस्तान्तरणका लागि विनियोजन गरिएको छ। समपूरक अनुदानतर्फ प्रदेशलाई छ अर्ब २० करोड र स्थानीय तहलाई सात अर्ब रूपैयाँ विनियोजन गरिएको छ। विशेष अनुदानतर्फ प्रदेशका लागि चार अर्ब ४० करोड र स्थानीय तहका लागि आठ अर्ब ५० करोड रूपैयाँबराबर विनियोजन गरिएको छ।

ससर्त, समपूरक र विशेष अनुदानलाई कार्यसम्पादनका आधारमा हस्तान्तरण गरिने व्यवस्था मिलाइने अर्थमन्त्री पुनले जानकारी दिए। प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँटतर्फ एक खर्ब ५९ अर्ब रूपैयाँबराबर हस्तान्तरण हुने सरकारको अनुमान छ।

### शिक्षामा सबैभन्दा धेरै बजेट

अर्थमन्त्री पुनले शिक्षा क्षेत्रका लागि सबैभन्दा धेरै बजेट विनियोजन गरेका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत दुई खर्ब तीन अर्ब ६६ करोड रूपैयाँ बजेट छुट्याइएको उनले बताए। शिक्षापछि गृह मन्त्रालयले एक खर्ब ९९ अर्ब २४ करोड रूपैयाँ बजेट पाएको छ। विकासे आयोजनाको नेतृत्व गर्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत एक खर्ब ५० अर्ब ५३ करोड रूपैयाँ र सहरी विकास मन्त्रालयका लागि ९२ अर्ब ६३ करोड रूपैयाँ विनियोजन गरिएको छ।

ऊर्जा क्षेत्रलाई प्राथमिकता दिएको सरकारले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका लागि ८७ अर्ब ५५ करोड रूपैयाँ विनियोजन गरेको छ। ऊर्जाका केही ठूला परियोजनाहरूसमेत बजेटमा समेटिएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई ८६ अर्ब २४ करोड, रक्षा मन्त्रालय, ५९ अर्ब ८७ करोड, कृषि तथा पशुपन्छी विकास ५७ अर्ब २९ करोड, खानेपानी मन्त्रालय २६ अर्ब ६३ करोड, वन तथा वातावरण मन्त्रालयलाई १५ अर्ब ७० करोड रूपैयाँ बजेट दिइएको छ। यस्तै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ११ अर्ब ९१ करोड, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नौ अर्ब २८ करोड, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आठ अर्ब १० करोड, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सात अर्ब ३५ करोड, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले छ अर्ब ८२ करोड, परराष्ट्र मन्त्रालयले छ अर्ब ७७ करोड, युवा तथा खेलकुद मन्त्रालयले तीन अर्ब ५० करोड र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले एक अर्ब ६० करोड रूपैयाँ बजेट पाएका छन्।

| मन्त्रालयगत बजेट | |
|---|---|
| शिक्षा, विज्ञान तथा प्रविधि | २ खर्ब ३ अर्ब ६६ करोड |
| गृह मन्त्रालय | १ खर्ब ९९ अर्ब २४ करोड |
| भौतिक पूर्वाधार तथा यातायात | १ खर्ब ५० अर्ब ५३ करोड |
| सहरी विकास | ९२ अर्ब ६३ करोड |
| ऊर्जा, जलस्रोत तथा सिँचाइ | ८७ अर्ब ५५ करोड |
| स्वास्थ्य तथा जनसंख्या | ८६ अर्ब २४ करोड |
| रक्षा मन्त्रालय | ५९ अर्ब ८७ करोड |
| कृषि तथा पशुपन्छी विकास | ५७ अर्ब २९ करोड |
| खानेपानी मन्त्रालय | २६ अर्ब ६३ करोड |
| वन तथा वातावरण | १५ अर्ब ७० करोड |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ११ अर्ब ९१ करोड |
| उद्योग, वाणिज्य तथा आपूर्ति | ९ अर्ब २८ करोड |
| श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ८ अर्ब १० करोड |
| सञ्चार तथा सूचना प्रविधि | ७ अर्ब ३५ करोड |
| भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ६ अर्ब ८२ करोड |
| परराष्ट्र मन्त्रालय | ६ अर्ब ७७ करोड |
| युवा तथा खेलकुद | ३ अर्ब ५० करोड |
| महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | १ अर्ब ६० करोड |

**बजेटका पाँच उद्देश्य**

- उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि
- निजी क्षेत्रको मनोबल बढाउँदै लगानी वृद्धि र आर्थिक क्रियाकलापमा तीव्रता ल्याउनु
- मानव संशोधनको विकास गर्नु
- स्रोत र साधनको सन्तुलित र समन्यायिक ढंगले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्नु
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन

**बजेटका पाँच प्राथमिकता**

- आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन
- कृषि ऊर्जा सूचना प्रविधिजस्ता औद्योगिक पूर्वाधार निर्माण
- शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास
- समावेशिता र सामाजिक सुरक्षा
- सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवर्द्धनमा सुधार

### आगामी आर्थिक वर्ष आर्थिक सुधारको वर्ष

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ लाई आर्थिक सुधारको वर्ष घोषणा गरेको छ। अर्थमन्त्री पुनले बजेट वक्तव्यमार्फत आगामी आर्थिक वर्षलाई आर्थिक सुधारको वर्षका रूपमा घोषणा गरिएको बताएका हुन्। सार्वजनिक वित्तमा असन्तुलन देखिएको, सार्वजनिक ऋण बढ्दै गएको, पुँजीगत खर्च हुन नसकेको, लक्ष्यअनुसार राजस्व उठ्न नसक्नुलगायत वर्षौंदेखि अर्थतन्त्रमा देखिएका समस्या निराकरणका लागि सुधारका नयाँ कार्यक्रममार्फत समृद्धिको आकांक्षा पूरा गर्नेगरी बजेट ल्याइएको उनले बताए।

अर्थमन्त्री पुनले बजेटमा पाँच उद्देश्य, पाँच प्राथमिकता र आर्थिक सुधारका पाँच रणनीति र पाँच रूपान्तरणकारी क्षेत्रका कार्यक्रम समावेश गरेका छन्। पाँच उद्देश्यमा उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि, निजी क्षेत्रको मनोबल बढाउँदै लगानी वृद्धि र आर्थिक क्रियाकलापमा तीव्रता ल्याउनु, मानव संशोधनको विकास गर्नु, स्रोत र साधनको सन्तुलित र समन्यायिक ढंगले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्नु र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु रहेका छन्।

त्यस्तै, बजेटका पाँच प्राथमिकतामा आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन, कृषि ऊर्जा सूचना प्रविधिजस्ता औद्योगिक पूर्वाधार निर्माण, शिक्षा स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास, समावेशिता र सामाजिक सुरक्षा र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवर्द्धनमा सुधार रहेका छन्। आर्थिक सुधारका पाँच रणनीतिमा संरचनागत सुधार, व्यावसायिक वातावरणमा सुधार, सार्वजनिक वित्त प्रणालीमा सुधार, वित्तीय क्षेत्र सुधार र सार्वजनिक प्रशासनमा सुधार रहेका छन्।

अर्थतन्त्रको संरचनागत सुधारका लागि सुझाव दिन एक उच्चस्तरीय आर्थिक सुधार सुझाव कार्यदल गठन गरिने अर्थमन्त्री पुनले बताए। व्यावसायिक वातावरण सुधारका लागि नीति निर्माण, 'कन्ट्री रेटिङ', दोहोरो करमुक्ति सम्झौतालगायत व्यवस्था गरिने बजेट वक्तव्यमा उल्लेख छ।

### बढेन वृद्धभत्ता र कर्मचारीको तलब

सरकारले आगामी आवको बजेटमा सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिएको छ। तर, वृद्धभत्तालगायतका सामाजिक सुरक्षा भत्ताको रकम बढाइएको छैन। सामाजिक सुरक्षा भत्तामा दोहोरोपन हटाउने योजना सरकारले अघि सारेको छ।

■■■

### यस्ता छन् नयाँ ....

पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास, समावेशिता र सामाजिक सुरक्षा र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधारका पाँच प्राथमिकता निर्धारण गरिएको छ।

आगामी दशकलाई कृषि दशक र आगामी आर्थिक वर्षलाई सूचना प्रविधि र महिलामा लगानी वर्षको प्रस्थान बिन्दु मानिएको बजेटमा टाकुरा पर्यटकीय गन्तव्य, जनकपुरलाई विवाह गन्तव्य र लुम्बिनीलाई 'बर्थिङ हब', भरतपुर-बुटवल-पोखरा-भरतपुर जोडेर गण्डकी आर्थिक त्रिभूज, निजगढदेखि ढल्केबरसम्मको पूर्वपश्चिम राजमार्ग आसापासका क्षेत्रलाई नेपाली गलैंचा करिडोरका रूपमा विकास गरिने बजेट वक्तव्यमा उल्लेख छ।

प्रदेश तथा स्थानीय तहको सहकार्यमा रुकुम र सल्यानको शारदा नदी आसपासका क्षेत्रलाई कृषि करिडोर, जुम्लाको हिमा र तिला नदी आसपासका क्षेत्रलाई मार्सी धान करिडोर, बाराको कोल्वीदेखि सिम्रौनगढ सडक आसापासका क्षेत्रलाई माछा करडोरका रूपमा विकास गरिनेलगायत नयाँ कार्यक्रम बजेटमा समावेश छन्।विदेशको आम्दानी स्वदेशमा लगानीअन्तर्गत गैरआवासीय नेपालीको पुँजी, प्रविधि र सीपलाई मातृभूमिसँग जोड्न जन्मस्थलमा 'गैरआवासीय नेपाली अभियान' सञ्चालन गरिने बजेटमा उल्लेख छ।

महिला उद्यमीलाई प्रोत्साहन गर्दै कोशेली घर स्थापना र काठमाडौंको चोभारमा बिक्री प्रदर्शन कक्ष सञ्चालनमा ल्याउने, प्रधानमन्त्री छोरी कार्यक्रम, हाम्रा बा आमा, हाम्रो जिम्मेवारी, रिटर्नी उद्यमशीलता कार्यक्रम, सात प्रदेशमा विद्यालय तहका लागि मेगा भान्सा, 'साथीबाट सिक्ने, साथीलाई सिकाउने', 'एक पालिका, एक डाउनटाउन', सार्वजनिक सम्पत्तिको मौद्रिकीकरण गर्नेलगायतका विषय बजेट वक्तव्यमा समेटिएको छ।

■■■

### 'रिटर्नी उद्यमशीलता'...

श्रम मन्त्रालयले ल्याएको महत्त्वाकांक्षी योजना श्रम र रोजगारीसम्बन्धी सेवा प्रवाह र गुनासो सम्बोधनका लागि 'श्रमाधान कार्यक्रम' सञ्चालन गरिने उल्लेख छ।

एकीकृत सामाजिक सुरक्षाको अवधारणाअनुरूप सामाजिक सुरक्षा कोष र स्वास्थ्य बिमा कार्यक्रमबीच अन्तरआबद्धता कायम गरी कोषमा आबद्ध योगदानकर्ताको स्वास्थ्य बिमा सामाजिक सुरक्षा कोषमार्फत हुने व्यवस्था मिलाउने पनि बजेटमा उल्लेख गरिएको छ। साथै योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको दायरा बिस्तार गरी अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई क्रमशः सामाजिक सुरक्षा कोषमा आबद्ध गराउँदै लैजाने बताइएको छ। अर्थमन्त्री पुनले आगामी आर्थिक वर्षमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका लागि आठ अर्ब १० करोड रूपैयाँ विनियोजन गरेका छन्। यो बजेट चालु आवको भन्दा दुई करोड रूपैयाँले मात्रै बढी हो।

# गोरखाको साम्दोमा सशस्त्र प्रहरीको बिओपी



**काठमाडौं (प्रस)–** मुलुकको सीमा रक्षाको प्रमुख जिम्मेवार बोकेको सशस्त्र प्रहरी बल नेपालले चीनको सीमातर्फ गोरखाको साम्दोमा बोर्डर आउट पोस्ट (बिओपी) स्थापना गरेको छ। सशस्त्र प्रहरी नं २९ गुल्म गोरखाको मातहत रहनेगरी चुमनुब्री गाउँपालिका-१ स्थित साम्दोमा आइतबार बिओपी स्थापना गरिएको सशस्त्र प्रहरीका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए।

उक्त बिओपी गोरखा सदरमुकामबाट करिब १६४ किलोमिटर उत्तरतर्फ रहेको छ। समुद्री सतहतबाट करिब तीन हजार ८७५ मिटरको उचाइमा स्थापना भएको बिओपीबाट करिब १५ किलोमिटर नजिक चीनसँगको सिमानामा रुइला नाका रहेको छ।

नेपाल र चीन सीमा इलाकामा स्थापना गरिएको बिओपीले विपद्जन्य घटना, हिमपात, हिमपहिरोमा परेका नागरिकको उद्धार, अवैध चोरी निकासी तथा पैठारी नियन्त्रण, सीमावर्ती क्षेत्रमा हुने आपराधिक तथा अवाञ्छित क्रियाकलाप न्यूनीकरण, नियमित सीमास्तम्भ तथा सीमा इलाकाको निगरानीलगायत कार्य गर्ने सशस्त्र प्रहरीले जनाएको छ।

यसअघि सशस्त्र प्रहरीले चीनतर्फ दार्चुलाको तिंकर, हुम्लाको हिल्सा, मुस्ताङको नेचुङ, रसुवाको टिमुरे, सिन्धुपाल्चोकको तातोपानी र गुम्बा, दोलाखाको लामाबगर, संखुवासभाको किमाथांका, ताप्लेजुङको ओलाङचुङगोलासहित नौ स्थानमा बिओपी स्थापना गरिसकेको छ। सशस्त्र प्रहरीले भारतको सिमानातर्फ २४४ र चीनको सिमानातर्फ १० गरी सीमा क्षेत्रमा कूल २५४ बिओपीको स्थापना गरेको छ।

पृष्ठ १ बाट क्रमशः

### बन्यो संसदीय...

समितिले सहकारीमा देखिएको समस्या समाधान, बचतकर्ताको रकम फिर्ताको उपायसहितको सुझाव दिने छ। कार्यादेशमा गोरखा मिडिया नेटवर्कसहित समस्याग्रस्त २९ सहकारीको नामसमेत उल्लेख छ। कांग्रेससहित विपक्षी दलले उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने सहकारी ठगी प्रकरणमा संलग्न रहेको भन्दै छानबिन समितिको माग गरेको थियो।

### समितिको चार बुँदे कार्यक्षेत्र

१. सहकारी संस्थाहरूमा देखिएको संकट तथा यससँग जोडिएको कानुनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरिवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने।

२. समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरूपयोग भएको बचत रकम छिटो र सहज ढंगले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने।

३. नेपाल सरकार सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सार्वजनिकीकरण गरेका अनुसूची-१ मा उल्लेख भएका संस्थाहरूलगायतका सहकारी संस्थामा देखिएका समस्या समाधानको प्रयास र ती सहकारीमा आबद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ताको प्रक्रिया कहाँ पुगेको छ सोको अध्ययन विश्लेषण गरी अविलम्ब बचत फिर्ताको उपायसहितको सुझाव दिने।

४. सहकारी संस्था सदस्य (सेयर धनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानि नोक्सानी पुऱ्याएको भनी संघीय संसद् र सार्वजनिक रूपमा प्रश्न उठेका, विभिन्न तह र निकायमा उजुरी परेका अनुसूची २ मा उल्लिखितलगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रालिलगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैरकानुनीरूपमा प्रवाह भए नभएको, र त्यस्तो गैरकानुनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानुनबमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने।

### गृहमन्त्रीको राखिएन नाम

सरकारले छानबिन समिति गठनसँगै समस्यग्रस्त सहकारीको नामसमेत सार्वजनिक गरेको छ। यसअघि २० सहकारी समस्याग्रस्त रहेकोमा नौ वटा सहकारीसमेत थपिएको छ। उक्त समितिमा गोरखा मिडियामा लगानी रहेको सहकारीहरूको नाम थपिएको छ। उक्त सहकारीहरूबाट गृहमन्त्री लामिछानेले पनि ऋण लिएको अपचलन गरेको कांग्रेसको आरोप रहेको छ।

समिति बन्नुअघि कांग्रेसले गृहमन्त्री लामिछाने दोषी रहेको किटान गरेरै समिति गठन गर्नुपर्ने माग गरेको थियो। तर सत्तापक्षले यो बुँदामा सहमति नजनाउँदा कांग्रेस 'ब्याक' हुन बाध्य भयो। तर समितिमा सिम्बोल नम्बर भएकोले लामिछाने छानबिनमा तानिने कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले दाबी गरे। पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम सहकारीलगायत समस्याग्रस्त सूचीमा रहेकाले कारबाही हुने शर्माको तर्क छ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३६ जेठ १५ गते २०८१ मा प्रकाशित Google Overseas Pvt.ltd को Lot No. 304194 को The Mie Kumano-Kodo Society of Commerce and Industry कम्पनीको विज्ञापनमा **मासिक तलब रु १४२,७२५ (Yen: 168505)** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ।

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal,
Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com



नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय,
मलाही मलंगवा, मोही फांट

**३५ दिने सार्वजनिक सूचना**

जि. सर्लाही साविक गा.वि.स. डुमरिया वार्ड नं. ६ हाल बलरा न.पा.वार्ड नं. ७ मा बस्ने सिताराम राउत कुर्मी लाई हकदावी गर्न आउने बारेको सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही डुमरिया वार्ड न. ६ हाल बलरा न.पा. वार्ड नं. ७ **विकास कुमार सिंह** को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. डुमरिया वार्ड नं. ८ कि.नं. २१८ को ज.वि. ०-३-१० जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. डुमरिया वार्ड नं. ६ हाल बलरा न.पा. वार्ड नं. ७ मा बस्ने **सिताराम राउत कुर्मी** को नाम उल्लेख रहेकोमा जग्गा धनीले मरूवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/२/१३ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराइन्छ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन।



**Mithila Municipality**
**Office of the Municipal Executive**
Dhalkebar, Dhanusha
Madhesh Province, Nepal

**INVITATION FOR SEALED QUOTATIONS**

First Date of Publication: 29th May, 2024 (16 Jestha, 2081)

Mithila Municipality Invites Sealed Quotation from eligible national bidders under NCB Single Stage Single Envelope bidding procedure. A Complete set of Quotation may be purchased from Mithila Municipality on submission of written application along with updated mandatory documents and payment of bid document fee by 12:00, 12th June, 2024 as described on table below. Quotation must be submitted by Hand on or before *12:00* on 13th June, 2024. Bids received after this deadline will be rejected. Bidders may obtain further information from the Mithila Municipality Office.

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank**: **Machhapuchhre Bank, Dhalkebar Branch**
**Name of Office**: **Mithila Municipality.**
Office Account no.: **1150079587100081**
**Information to deposit the cost of bid Security Amount in Bank:**
**Name of the Bank**: **Machhapuchhre Bank, Dhalkebar Branch**
**Name of Office**: **Mithila Municipality.**
Office Account no.: **1150079587100041**

| Contract No. | Description of Works | Estimate Amount (With-out VAT) | Minimum bid security amount | Bid Validity Period | Bid documents fee |
|---|---|---|---|---|---|
| MM/SQ/080/81-01 | Pond Beautufication work at Sabik Nakta-jhij-6, Mithila Mun.-02. | NRs. 16,85,622.25 | NRs. 50,000.00 | 45 days | NRs.1000.00 |
| MM/SQ/080/81-02 | Upgrading of Pani Tanki Road at Naktajhi, Mithila Mun.-02. | NRs. 16,88,278.80 | NRs. 50,000.00 | 45 days | NRs.1000.00 |

The Employer reserves the rights to accept or reject wholly or partially any or all the bids without assigning reasons, whatsoever.

बजेट वक्तव्य

# सुरक्षाकर्मीको सेवानिवृत्त उमेर पुनरावलोकन गरिने



**काठमाडौं (प्रस)–** सरकारले सुरक्षाकर्मीको सेवानिवृत्त हुने उमेर पुनरावलोकन गर्न अध्ययन गर्ने भएको छ। संघीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०८१/८२ को सरकारको राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) प्रस्तुत गर्दै अर्थमन्त्री वर्षमान पुनले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागको संस्थागत सुदृढीकरण गरी दक्ष एवं व्यावसायिक बनाइने बताए।

मुलुकमा शान्ति सुरक्षा तथा अमनचयन कायम गर्दै जनतामा सुरक्षाको प्रत्याभूति गराइने तथा अध्यागमन प्रणाली 'डिजिटाइज' गरी अत्याधुनिक बनाइने बजेट वक्तव्यमा उल्लेख छ। अनलाइनमार्फत इ-भिसाका लागि आवेदन दिन सक्ने प्रणाली लागू गरिने तथा कारागारलाई सुधारगृहकारूपमा विकास गरिने उनले जानकारी दिए।

खुला कारागारको अवधारणाअनुसार कैदीबन्दीलाई लघु, घरेलु तथा साना उद्यम तथा रोजगारीसँग आबद्ध गरिने बजेट वक्तव्यमा उल्लेख छ। कारागारमा कैदी बन्दीको चाप कम गर्न 'प्रोवेसन' र 'प्यारोल' को व्यवस्था कार्यान्वयनमा ल्याइने उल्लेख छ। साथै निर्माणाधीन एक हजार ३७० क्षमताको नुवाकोट कारागारलाई सञ्चालनमा ल्याइने उनले बताए। कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफतसम्बन्धी एकीकृत केन्द्रीय अभिलेख अद्यावधिक गरी कसूरजन्य सम्पत्ति तथा साधनको उचित व्यवस्थापन गरिने बजेटमा उल्लेख छ।

अन्तर्राष्ट्रिय सीमा सुरक्षा व्यवस्थालाई सुदृढ र प्रभावकारी बनाउँदै सीमा सुरक्षामा स्थानीय नागरिकको सहभागिता र अपनत्व बढाउने कार्यक्रम सञ्चालन गरिने, विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारीरूपमा अघि बढाइने, विपद्, उद्धार तथा राहतको क्षेत्रमा नागरिकको क्षमता अभिवृद्धि गर्दै विपद्मा नागरिक सहभागितासम्बन्धी कार्यक्रम सञ्चालन गरिने बताइएको छ। गृह मन्त्रालयतर्फ एक खर्ब ९९ अर्ब २४ करोड रूपैयाँ विनियोजन गरिएको छ।

अर्थमन्त्री पुनले देशको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधिनताको संरक्षण गर्दै राष्ट्रिय एकतालाई अक्ष्युण राख्न राष्ट्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गरिने बताए। नेपाली सेनालाई प्रविधियुक्त, दक्ष एवं व्यावसायिक बनाइने उल्लेख गर्दै उनले बंकरदेखि ब्यारेकसम्मका कार्यक्रमलाई एक अर्ब ५० करोड रूपैयाँ विनियोजन गरिएको बताए। राष्ट्रिय सेवा दल तालिमलाई स्थानीयस्तरसम्म विस्तार गरिने बजेटमा उल्लेख छ। रक्षा मन्त्रालयका लागि ५९ अर्ब ८७ करोड रूपैयाँ विनियोजित गरिएको उनले जानकारी दिए।

# वित्तीय अपराधको प्रभावकारी नियन्त्रण

**काठमाडौं (प्रस)–** सरकारले वित्तीय अपराधको प्रभावकारी नियन्त्रणका लागि जोखिममा आधारित मूल्यांकन प्रणाली अवलम्बन गर्ने भएको छ। संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा मंगलबार अर्थमन्त्री वर्षमान पुनद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को बजेटमा सम्पत्ति शुद्धीकरणअन्तर्गत क्षेत्रगत जोखिम मूल्यांकन, नियमन, सुपरीवेक्षण, अनुसन्धान र अभियोजन कार्यलाई प्रभावकारी बनाउने उल्लेख गरिएको छ।

अधिक जोखिम रहेका क्यासिनो, बहुमूल्य धातु, सहकारी, घरजग्गा, विप्रेषण र बैंकिङ क्षेत्रको सघन सुपरीवेक्षण गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको छ। त्यसैगरी, संघीयता कार्यान्वयनलाई पूर्णता दिन बाँकी कानुन प्राथमिकताका साथ तर्जुमा गरिने बजेटमा उल्लेख छ। संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको विस्तृतीकरणसम्बन्धी परिमार्जित प्रतिवेदन कार्यान्वयन गरी अधिकार र कार्य क्षेत्रमा रहेको दोहोरोपनाको अन्त्य गरिने बजेटमा छ।

राजस्व बाँडफाँट र वित्त हस्तान्तरण गर्दा लिइने आधार र सूचकलाई हालसम्मको अभ्यास र अनुभवको आधारमा पुनरावलोकन गरी वस्तुनिष्ठ, समन्यायिक र यथार्थपरक बनाइने उल्लेख छ। संघीय निजामती सेवा कानुन यसै अधिवेशनबाट पारित गरी कार्यान्वयन गरिने जनाइएको छ। राष्ट्रसेवक कर्मचारीको मनोवल बढाउन, काममा उत्प्रेरित गराउन, सेवा सुरक्षा, संरक्षण र अनुमानयोग्य सरुवा बढुवा प्रणाली सुनिश्चित गरिने उल्लेख गरिएको छ।

सार्वजनिक क्षेत्रमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई थप सुदृढ गरिने र इ-गभर्नेन्सको माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित र सम्पर्करहित बनाइ गुणस्तर अभिवृद्धि गरिने बताइएको छ। सेवाग्राही र सेवाप्रदायकबीच नियमित सम्वादमार्फत सम्पादित कामको विषयमा सेवाग्राहीको पृष्ठपोषण लिन, गुनासाको तत्काल सम्बोधन गर्न र कार्यसम्पादनमा सुधार ल्याउन सेवाग्राहीसँग शुक्रबार कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख गरिएको छ।

# प्रधानमन्त्री छोरी कार्यक्रमलाई १० करोड




**काठमाडौं (प्रस)–** सरकारले आगामी आर्थिक वर्षलाई 'महिला लगानी वर्ष'का रूपमा मनाइने घोषणा गरेको छ। संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा मंगलबार अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को बजेटमा यस्तो घोषणा गरिएको हो।

महिलामाथि हुने हिंसाविरुद्धको अभियानका रूपमा सरकारले महिला लगानी वर्ष मनाउने भएको हो। उनले महिला उद्यमीलाई प्रवर्द्धन गर्न 'कोसेली घर' समेत स्थापना गरिने बताएका छन्। सरकारले 'प्रधानमन्त्री छोरी कार्यक्रम' का लागि १० करोड रूपैयाँ विनियोजन गरेको छ। 'युवा महिला राष्ट्रिय महिला' कार्यक्रम आयोजना अघि सार्ने बजेट वक्तव्यमा उल्लेख छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई एक अर्ब ६० करोड रूपैयाँ रकम विनियोजन गरिएको छ।

त्यस्तै महिलाद्वारा उत्पादित सामग्रीको व्यावसायिक प्रोत्साहनका लागि चोभारमा बिक्री केन्द्र बनाइने, दुर्गम क्षेत्रका सुत्केरी तथा गर्भवतीको हवाई उद्धार कार्यक्रम रहेको राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई निरन्तरता दिइने, महिला सशक्तीकरणका लागि राष्ट्रपति उद्यमी पुरस्कार घोषणा गरिने र खेलकुदमा महिला सहभागिता बढाइने बजेट वक्तव्यमा उल्लेख छ।

# प्रदूषण शुल्कबापतको १९ अर्ब ६० करोड प्रयोजनहीन

**काठमाडौं–** नेपाल सरकारले मुलुकभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रतिलिटर एक रूपैयाँ ५० पैसाका दरले प्रदूषण नियन्त्रण शुल्क लगाई असुल गर्दै आएको छ। सो व्यवस्थाअनुसार सरकारले आर्थिक वर्ष २०६५/६६ देखि २०७९/८० सम्म १९ अर्ब ६० करोड २९ लाख रूपैयाँ राजस्व असुल गरी सञ्चित कोष दाखिला गरिसकेको छ। प्रदूषण शुल्कबापतको यति ठूलो रकम भने प्रयोजनहीन अवस्थामा छ।

सो रकम प्रत्यक्ष रूपमा प्रदूषण नियन्त्रण एवं रोकथाम गर्न कार्यमा खर्च नगरेको महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनले औंल्याएको छ। आइतबार सार्वजनिक गरिएको महालेखाको ६१औं वार्षिक प्रतिवेदनले जुन प्रयोजनका लागि शुल्क उठाएको हो सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ।

**छ अर्बभन्दा बढीको काठ आयात**

यसैगरी, वन नीति, २०७५ ले वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धिसहित निर्यात प्रवर्द्धन गर्ने उद्देश्य लिएको भए पनि बर्सेनि अर्बौं रूपयाँको काठ तथा काठजन्य सामग्री आयात हुने गरेको छ। वन क्षेत्रमा ढलापडा, सुखड खडा, हैसियत विग्रिएका र बुढो तथा उमेर पुगेका रूख बढ्दो क्रममा रहेका भएपनि कानुनी झन्झटता कारण ती रूख सडेर खेर गइरहेका छन्। मुलुकको आवश्यकतानुसार आन्तरिक उत्पादनबाट काठ उपलब्ध हुन नसकेका कारण आव २०७७/७८ मा दुई अर्ब ३३ करोड रूपैयाँ, २०७८/७९ मा सात अर्ब ९९ करोड र २०७९/८० मा छ अर्ब ४० करोड रूपैयाँको काठ र काठजन्य सामग्री आयात भएको भन्सार विभागको तथ्यांक छ।

महालेखापरीक्षकको प्रतिवेदनले काठको सदुपयोग नहुँदा यसबाट प्राप्त हुने आम्दानी गुमिरहेको र अर्बौं रूपैयाँको काठजन्य सामग्री आयात भएको देखिँदा ढलापडा, सुखड खड ा रूखहरूको व्यवस्थापन गरी काठलगायतका वन पैदावारको उचित उपयोगद्वारा राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने व्यवस्था मिलाउनुपर्ने औंल्याएको छ। *रासस*

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MMK KINGS TECHNICAL WORKS LLC

पूर्व स्वीकृति मिति २०८१/०२/१४ | LT. No. 305453 | चलानी नं. ६०२२०१९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४३,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 10 | 0 | 1200 | ४३,४२५ | | | | | | | |
| 3 | Stone Mason | 10 | 0 | 1200 | ४३,४२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.

श्रम ईजाजत नं.८०१/०६५/०६६

Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +977-01-4385025
Mobile: +9779813894052, +9779845198993, E-mail : swifthrgroup@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCED TECHNOLOGY COMPANY KSC

पूर्व स्वीकृति मिति २०८०/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१५ | LT No :297670 | चलानी नं. ६०२१२९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Nurse | 50 | 50 | 280 | १२१,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 10 | 120 | ५१,९९० | | | | | | | |
| 3 | Dental Hygienist / Dental Assistant | 0 | 20 | 450 | १९४,९७० | | | | | | | |
| 4 | Driver | 10 | 0 | 135 | ५८,४९० | | | | | | | |
| 5 | Nurse | 50 | 50 | 350 | १५१,६४५ | | | | | | | |
| 6 | Security Guard | 20 | 0 | 125 | ५४,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOHA OASIS REAL ESTATE INVESTMENT- OASIS QUEST

पूर्व स्वीकृति मिति २०८०/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१५ | LT No.292246 | चलानी नं. ६०२०७३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 2 | 0 | 1500 | ५४,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 2 | 5 | 1400 | ५२,000 | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD

Govt. License 1518/074/075

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266,
985-1105656, 9801020501/ 9804347122/ 9815360583/ 9810232965/ 9824347702/ 9824387018
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## कुवेत/साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREP FOOD SUPPLIES COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ | LT. No. 304023 | चलानी नं. ६०२१८८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commi 1 | 2 | 0 | 140 | ६०,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commi 2 | 2 | 0 | 130 | ५६,३७५ | | | | | | | |
| 3 | Commi 3 | 1 | 0 | 125 | ५४,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

कम्पनी : DUBAI OASIS COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/०९ | LT. No. 305143 | चलानी नं. ६०२१९८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,000 | | | | | | | |

कम्पनी : M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1

पूर्व स्वीकृति मिति २०७९/०३/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 266794 | चलानी नं. ६०१८२७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 75 | 0 | 2000 | ७२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAWARID SERVICES COMPANY LLC

पूर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 49 | 17 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Future Star Manpower Pvt. Ltd.

श्रम ईजाजत नं. ३९७/०६०/०६१

Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

## लमही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ

लुम्बिनी प्रदेश, नेपाल

### सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि स्यानिटरी प्याड खरिदको विद्युतीय दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/०२/१६

यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङमा आ.व. २०८०/०८१ मा लमही नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्राहरूका लागि आवश्यक पर्ने स्यानिटरी प्याड सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा नियमावली २०६४ को नियम ८४ १(क) अनुसार विद्युतीय दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पूरा गरेका इच्छुक फर्म/कम्पनीहरूले www.bolpatra.gov.np बाट मिति २०८१/०२/३० गते भित्र यस लमही नगरपालिकाको नाममा रहेको आन्तरिक राजस्व रा.बा.बैक लमही, दाङ खाता न. ४२९०१००३०१०१०००२ मा रू. १०००/- (एक हजार फिर्ता नहुने गरी दस्तुर जम्मा गरी पेश गरि सक्नुपर्नेछ र मिति २०८१/०२/३१ गते दिनको १२:०० बजे सम्म विद्युतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ । साथै थप जानकारीका लागि लमही नगरपालिकाको वेबसाइट www.lamahimun.gov.np बाट जानकारी लिनुहुन र लमही नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको सूचना हेर्नुहुन जानकारी गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### संसदीय छानबिन समितिसँग आमअपेक्षा

सरकारले समस्याग्रस्त सहकारीको सूचीमा फेरि नौ वटा सहकारी थपेको छ । कुनैबेला सहकारीलाई विकासको चार खम्बामध्ये एक मानेको सरकारले अहिले भने विभेदकारी नीति अपनाउँदै आएको छ । जसका कारण दिनानुदिन सहकारी डुब्ने क्रममा छ । सहकारी डुब्नु सर्वसाधारणको बचत जोखिममा पर्नु हो ।

सहकारीमा बचतकर्ताले किन आफ्नो कमाई राख्छन् ? प्रस्ट छ, बैंकमा भन्दा बढी ब्याज आम्दानी गर्न । बढी ब्याज आम्दानी गर्न सहकारीले जोखिम मोलेर घरजग्गामा लगानी गर्छ । यसरी नै बैंकहरूले पनि सहकारीमार्फत घरजग्गामा लगानी गरेको धेरै अघिदेखि हो । तर जब सरकारले घरजग्गा व्यवसाय कस्न थाल्यो, अर्थतन्त्र बिस्तारै ओरालो लाग्न थाल्यो ।


सहकारीको रकम घरजग्गामा लगायतका ठूला व्यवसायी पनि समस्यामा पर्न थाले । अहिले हजारौं यस्ता लगानीकर्ता मौनता साँधेर बस्न बाध्य छन् । सरकारको यस्तो नीतिकै कारण गोरखा मिडिया नेटवर्कको ग्यालेक्सी टिभी सञ्चालकदेखि अर्थ टेलिभिजनका सञ्चालक फरार भए । सञ्चारमाध्यमका उद्यमी भएकै कारण उनीहरू फरार भएको चाँडै नै मिडियामा छाए । यस्ता धेरै सञ्चालक समस्याबाट भाग्ने क्रममा छन् ।

यही बेला सरकारकै उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने सहकारी समस्याका कारण विवादमा तानिएका छन् । उनकै कारण अहिले सरकारले यस प्रकरणमा छानबिन गर्न सात सदस्यीय संसदीय छानबिन विशेष समिति गठन गरेको छ । समितिलाई सहकारीमा अहिले देखिएका समस्याहरू पहिचान गरी बचतकर्ताको रकम फिर्ता गर्न सुझाव पेस गर्ने कार्यदेश पाएको छ ।

सहकारीको समस्या समाधानका लागि यसअघि नै समस्याग्रस्त सहकारी व्यवस्थापन समिति क्रियाशील छ । संसद्को सहकारी समिति पनि छ । यसैगरी भूमि व्यवस्था मन्त्रालयअन्तर्गत सहकारी विभाग पनि सक्रिय छ । यी समिति हुँदाहुँदै सरकारले समग्र सहकारीको समस्या हेर्न अर्को संसदीय समिति गठन गर्नु पहिलो त अचम्मकै विषय हो । किनकि संसदीय समिति गृहमन्त्री लामिछानेलक्षित गरी माग गरिएको थियो । यदि 'न्यारो डाउन' गरी समिति गठन गरेको भए यसको काम अघि बढ्ने विश्वास गर्न सकिन्थ्यो ।

तर, विशाल विषयलाई लिएर सात जनालाई जिम्मेवारी दिएको यो समितिले यो काम तीन महिनामा त के तीन वर्षमा पनि पार लाग्ने देखिन्न । यद्यपि दलहरूले विश्वास गरेर सदस्यको छनोट नै गरिसकेको छ । यस्तो अवस्थामा यो समितिले के कसरी काम गर्ने हो कुनै प्रस्टता छैन । यद्यपि दलहरूले नै विश्वास गरेकोले बचतकर्ताको बचत सुरक्षित पार्न र बाँकी समस्या समाधानमा समितिले निष्पक्ष रूपमा काम गरोस् । र, चाँडो निष्कर्ष निकालोस् ।

# टुटेको आशालाई जगाउन नवीन सोचको खाँचो



■ अर्जुननरसिंह केसी

"गणतन्त्रले देशमा धेरै उपलब्धि भएको छ । जनतामा चेतनाको स्तर वृद्धि भएको छ । सञ्चार, यातायात, सडकलगायतका पूर्वाधारका क्षेत्रमा विकास भएको छ । २०४७ सालदेखि नै थालनी भएको विकासको लहर गणतन्त्रसम्म आइपुग्दा धेरै अनुभूति गर्न सकिन्छ । यस अवधिमा विदेशी लगानी, निजी क्षेत्रलाई प्रोत्साहन भएको छ । तर विडम्बना हिजो गाउँमा विकासका पूर्वाधार थिएनन्, जनताले निकै कष्टकर जीवनयापन गर्नुपर्ने अवस्था थियो तर अहिले गाउँमा विकास पुग्दै छ तर युवा छैनन्, वृद्धवृद्धामात्रै छन् ।

नेपालमा गणतन्त्र आउनुमा लामो समय सत्ताको बागडोर सम्हालेको राजतन्त्र नै जिम्मेवार छ । यसको निरंकुश र अलोकतान्त्रिक चरित्रको कारण गणतन्त्र आउन सहज भएको हो । नेपाली कांग्रेसले सुरुदेखि नै संवैधानिक राजतन्त्र र लोकतन्त्रलाई नै आफ्नो सैद्धान्तिक प्रतिबद्धता बनाउँदै आएको थियो । राजाले नेपाली कांग्रेसलाई मित्रशक्ति नमानी विरोधी शक्तिसँग मिलेर दुश्मनको जस्तो व्यवहार गर्दै आए । यसले गर्दा कांग्रेसले राणासँग मात्र होइन, राजासँग पनि संघर्ष गर्दै आउनुपर्‍यो । यो क्रम लामो समयसम्म चल्यो । तैपनि कांग्रेसले संवैधानिक राजतन्त्र र लोकतन्त्रलाई एकीकृत रूपमा अगाडि बढाउँदै गयो । यद्यपि कांग्रेसभित्र गणतन्त्रको विषय बीचबीचमा सशक्त ढंगले बहस नचलेका भने होइनन् । २०५९ को दरबार हत्याकाण्डपछि राजाले लोकतान्त्रिक शक्तिलाई टाढा गरेर उग्रदक्षिणपन्थी शक्तिलाई नजिक राखे । २०६२/६३ सालको आन्दोलनपछि कांग्रेसले संवैधानिक राजतन्त्रलाई छाडेर लोकतान्त्रिक गणतन्त्रलाई आफ्नो राजनीतिक आदर्श बनाएपछि नै मुलुकमा गणतन्त्र आयो । जहाँ जसले जे-जस्ता दाबी गरे पनि नेपाली कांग्रेस मात्र अलग रहेको भए तत्कालीन परिस्थितिमा गणतन्त्र स्थापना सम्भव थिएन ।

त्यतिबेला संघीय लोकतान्त्रिक गणतन्त्रपछि जनताको जीवनस्तरमा कायापलट हुन्छ भन्ने जुन उर्लदो आमविश्वास थियो तर अभ्यासबाट त्यस्तो हुन सकेन । संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा लेखिएको संविधानअनुसार दुईपटक आमनिर्वाचन भयो । तर, जनअपेक्षा अनुसार सुशासन र भ्रष्टाचार मुक्त समाज निर्माण र सेवा प्रवाह हुन नसक्दा जनतामा निराशा, असन्तुष्टि झन्झन् बढ्दै गएको छ । अब समाज अराजकता र नकारात्मक दिशातिर उन्मुख हुँदै छ । दण्डहीनता र अराजकताले देशलाई थप समस्यामा पारेको छ । भ्रष्टाचारमुक्त समाज, विधिको शासन, निष्पक्षता भरोसायोग्य नभएको स्थितिमा छ । भ्रष्टाचार तीव्ररूपमा बढ्दो छ । ठूला चर्चित भ्रष्टाचारका विषयहरूमा नै कारबाही हुन सकेको छैन । यही भ्रष्टाचारले जनतामा निराशा बढाएको छ । भ्रष्टाचार नियन्त्रण नभएसम्म सुशासन हुन सक्दैन ।

नेपालको संवैधानिक इतिहासमा २००४ सालको वैधानिक कानुनदेखि नेपालको संविधान, २०७२ सम्म आइपुग्दा सातवटा संविधान कार्यान्वयन भए । झण्डै ७७ वर्षको इतिहासमा एउटा संविधानले सरदर ११ वर्षभन्दा बढी टिकेको देखिँदैन । २००४ सालको वैधानिक कानुन ल्याउन बाध्य पार्नेदेखि २०१९ सालको नेपालको संविधानबाहेक अरू सबै संविधान कांग्रेसकै नेतृत्वमा जारी भएका छन् । वर्तमान संविधान सार्वभौमसत्ता सम्पन्न जनताले बनाएको हुँदा यसको विकल्प छैन । यसभित्रै बसेर संशोधन गर्न सबै दल एक ठाउँमा आउनैपर्छ । नेपाली कांग्रेसले सबै राजनीतिक दलहरूसँग समन्वय गरेर संविधान संशोधनका निमित्त नयाँ बाटो खोल्नुपर्ने अहिलेको आवश्यकता हो ।

२०७२ सालमा संविधान लेख्दा राष्ट्रपतीय प्रणाली वा संसदीय कार्यकारी प्रधानमन्त्रीय पद्धतिमध्ये कुन मोडेलमा जाने भन्ने बारेमा निकै बहस भएको थियो । संसदीय व्यवस्था समावेशी व्यवस्था हो, सबैको प्रतिनिधित्व गर्ने राम्रो र उपयोगी व्यवस्था हो । प्रत्यक्ष राष्ट्रपतीय प्रणालीमा जाँदा राष्ट्रपति सेनाको परमाधिपति पनि हुने हुँदा एउटै व्यक्तिमा असीमित अधिकार रहँदा निरंकुशताको जोखिमसमेत रहने भएकाले संवैधासनिक राष्ट्रपति रहने र कार्यकारी प्रधानमन्त्रीको मोडेल छानिएको थियो । सरकारको अस्थिरतालाइ रोक्न दुई वर्ष नपुगी अविश्वासको प्रस्ताव ल्याउन नपाइने र एकपटक अविश्वासको प्रस्ताव ल्याएपछि एक वर्ष नपुगी पुनः ल्याउन नपाइने संवैधानिक व्यवस्था गरियो । तर, हामीले स्थायित्व र स्थिरताका निम्ति जुन वर्तमान संविधान निर्माण गरेका छौं अहिलेको निर्वाचनको १५ महिनामा केन्द्रीय गठबन्धन तीनपटक परिवर्तन भएको छ । प्रदेश सरकारहरूले पनि पूरा समय काम गर्न सकेनन् । हरेक प्रदेशमा तीनपटकभन्दा बढी सरकार परिवर्तन भएको छ । कोशी प्रदेशमा त झन् छ वटा मुख्यमन्त्री परिवर्तन भयो । स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँगको समन्वयका आधारमा चल्ने विधि भए पनि त्यसमा प्रशस्त कमजोरी देखिएको र त्यसैका कारण पनि संघीयताप्रति जनताका गुनासा आएको छ ।

संसदीय व्यवस्था समावेशी व्यवस्था रहेको र सबैको प्रतिनिधित्व गर्ने राम्रो र उपयोगी व्यवस्था भए पनि स्थायित्व र स्थिरताका निम्ति सफल हुन सकेन । सत्ता टिकाउनकै लागि सम्पूर्ण समय खर्चिनुपर्दा प्रधानमन्त्रीले काम गर्न नै सक्दैन । यस्तो अस्थिर राजनीतिक अवस्थामा समृद्धि आउन सक्दैन, भ्रष्टाचार निवारण हुनै सक्दैन । अहिले आमजनता व्यवस्थासँग नभएर अवस्थासँग असन्तुष्ट छन् । शासकीय दुरूपयोगबाट आजित भएका छन् ।

गणतन्त्रले देशमा धेरै उपलब्धि भएको छ । जनतामा चेतनाको स्तर वृद्धि भएको छ । सञ्चार, यातायात, सडकलगायतका पूर्वाधारका क्षेत्रमा विकास भएको छ । २०४७ सालदेखि नै थालनी भएको विकासको लहर गणतन्त्रसम्म आइपुग्दा धेरै अनुभूति गर्न सकिन्छ । यस अवधिमा विदेशी लगानी, निजी क्षेत्रलाई प्रोत्साहन भएको छ । तर विडम्बना हिजो गाउँमा विकासका पूर्वाधार थिएनन्, जनताले निकै कष्टकर जीवनयापन गर्नुपर्ने अवस्था थियो तर अहिले गाउँमा विकास पुग्दै छ तर युवा छैनन्, वृद्धवृद्धामात्रै छन् । दैनिक २५ सय देखि तीन हजार युवा विदेसिने गरेका छन् भने दिनहुँ तीनदेखि पाँच जनताको शव आउने गर्दछ । यसरी विदेसिने युवालाई देशभित्रै सम्भावना र भविष्य छ भन्ने विश्वास दिलाउन जरुरी छ । अहिले हरेकको हातमा मोबाइल छ, उनीहरूले विश्वलाई नजिकबाट नियालिरहेका छन् । अन्य देशको तुलनामा आफ्नो देश नहुँदा उनीहरूमा विद्रोहको भाव बढ्दो छ । यसले उनीहरूमा झन्झन् निराशा बढाउँदै गएको छ ।

नयाँ पुस्तालाई स्वदेशभित्रै बसेर आफ्नो भाग्य, सुखद् भविष्य र समृद्ध जीवनका सम्भावनाहरू गणतन्त्रले दिनुपर्छ । निरपेक्ष गरिबीको रेखामुनिका उपेक्षित र सिमान्तकृत समुदायलाई सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति, आयको सुनिश्चितता नदिएसम्म भौतिक विकासले मानिसलाई सन्तुष्टि दिन सक्दैन । अनियन्त्रित रूपमा युवाशक्ति, प्रतिभा र बौद्धिक पलायन हुनुको वास्तविक कारण यही हो । यसको निराकरण र रोकथाम जनताको समृद्धि र मुलुकको प्रगति नै हो । स्थिर राजनीति, उत्पादनशील अर्थनीति र प्रभावशाली सामाजिक सुरक्षा र न्याय नै जनतामा आशा र उत्साह जागृत गर्ने आधारभूत उपाय हो ।

### अबको बाटो

विगतका अनुभवलाई विश्लेषण गरी संविधानमा रहेका केही अस्पष्ट व्यवस्थालाई परिवर्तन गर्नुपर्ने अवस्था आएको छ । अहिलेको विकृति र जनगुनासोलाई हेर्दा संविधानमा देखिएका कतिपय व्यवस्था फेर्नुपर्ने देखिएको छ । यो हामीले नै बनाएको संविधान भएकोले यसप्रति गुनासाहरू आउन थाले भने सोच्नुपर्छ । यसका लागि सबै शक्ति एकै ठाउँमा जोडिनुको विकल्प छैन । २०४७ पछिको भ्रष्टाचारको निष्पक्ष छानबिन गरी देषीउपर कानुनी कारबाहीका लागि प्रधानन्यायाधीशको नेतृत्वमा भ्रष्टाचार विरोधी अभियानमा संलग्न अर्थात् सत्ता र शक्तिले चिनेको नभई जनताले चिनेका भर परेका व्यक्तित्त्वहरू सम्मिलित उच्चस्तरीय अधिकार सम्पन्न आयोग गठन गरी निष्पक्ष छानविन प्रक्रिया प्रारम्भ भए जनतामा आशा पलाउन सक्छ । सबै राजनीतिक पार्टीहरूले यसमा सहमत बन्नुपर्छ । जो यसमा असहमत हुन्छ, ऊ नै भ्रष्टाचारको संरक्षक वा सहजकर्ता भनेर जनताले चिन्ने छन् । सर्वसाधारणका गुनासा जसरी आउने गर्छन् त्यसैका आधारमा संविधानमा भएका गल्ती कमजोरीलाई सच्याउँदै र परिवर्तन गर्दै जानुपर्ने हुन्छ ।

हाम्रो निर्वाचन प्रणाली खर्चिलो छ । समानुपातिक निर्वाचन व्यवस्थाले संसद्मा कुनै दलले बहुमत ल्याउन नसक्ने अवस्था ल्याएको छ । समानुपातिक जस्तो अस्थिरतामा आधारित प्रणाली र अहिले देखिएको सम्पूर्ण अस्थिरताका कारक पक्षको रूपमा रहेको पद्धतिको खारेजी अनिवार्य छ । सही अर्थमा समानुपातिक निर्वाचनको प्रयोग गर्न सकिएको छैन, यसले केवल नेतालाई चाकडी गर्ने, बक्सिस चढाउने र आर्थिक चलखेल गर्नेहरूकै बाहुल्य भयो । यदि समानुपातिक व्यवस्था राख्ने नै हो भने राष्ट्रिय सभालाई सो अनुरूप संरचना बनाउन सकिन्छ वा निर्वाचन क्षेत्र तोक्नु आवश्यक छ । त्यसैले समानुपातिक निर्वाचन प्रणाली अस्थिरतामा आधारित प्रणाली रहेको देखिएकाले सम्पूर्ण अस्थिरताका कारक पक्षहरूलाई हटाएर नयाँ बाटो दिनुपर्छ । आर्थिकरूपले आमूलरूपले सुधार गर्ने प्रतिबद्धताको खाँचो छ । यो संसद्ले संविधान संशोधन गर्न सकेन भने त्यसबाट आउने विकल्प देश, जनता र लोकतन्त्रको प्रतिकूल र गम्भीर दुष्परिणाम हुनसक्छ ।

मुलुकमा देखिएको राजनीतिक अस्थिरता अन्त्यका लागि प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्थातिर सोच्नु जरुरी भएको छ । संविधान संशोधनमार्फत यस विषयमा प्रमुख राजनीतिक पार्टीहरूबीच समान धारणा बन्नु जरुरी छ । तर अहिले जसरी प्रमुख राजनीतिक पार्टीहरूबीच बेमेल देखिन्छ यसबाट लोकतन्त्र र संविधान हार्दै छ । एकले अर्कोलाई हिलो छ्याप्ने होइन, वस्तुगतरूपमा चिन्तन र विश्लेषणको आवश्यकता छ । यो नै अहिलेको राष्ट्रिय आवश्यकता हो ।

राज्यशक्तिभन्दा जनशक्ति बलियो र निर्णायक हुन्छ । जनताको आक्रोस गणतन्त्रमाथि होइन अवस्था र प्रवृत्तिका विरुद्ध हो । लोकतन्त्र भनेको पद्धतिमात्र होइन, प्रक्रिया हो । प्रक्रियामात्र पनि होइन, प्रवृत्ति र व्यवहार हो । पद्धतिको रटान दिएर मात्र हुँदैन, प्रक्रिया पनि कानुनसम्मत हुन जरुरी हुन्छ । जनताले गणतन्त्रमार्फत प्राप्त गर्न खोजेका अपेक्षा पाउन सके भनेमात्रै आशा जगाउन सक्छ । टुटेको आशालाई विश्वासमा परिणत गर्न नवीन सोच राख्नुपर्छ । गणतन्त्र दिवसले यही प्रेरणा दिओस् भन्ने कामना गर्दछु ।

*(नेपाली कांग्रेसका नेता केसीसँग रासससले गरेको कुराकानीमा आधारित)*

## मननयोग्य

### चाणक्य नीति

राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?' कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज, क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

## पत्र-मञ्जुषा

### स्कुल बसको ब्रह्मलुट : अभिभावकसँग असुल्ने, कर नतिर्ने

रातो प्लेटको बस र भ्यान छ्याप्छ्याप्ती बाटोमा गुडिरहेको देखिन्छ । रातो प्लेट भनेसी निजी प्लेटको सवारी । तर, त्यस्ता सवारी अधिकांश नाजुक अवस्थाका छन् । थोत्रा भइसकेका ती सवारीको अगाडिको सिसा फुटेको हुन्छ । बीच भागमा पनि सिसा हुँदैन । धुँवाको मुस्लो फचाँकेर हिँडिरहेको हुन्छ ।

झट्ट हेर्दा ती गाडी ३० देखि ३५ वर्ष पुरानोजस्तो देखिन्छ । रातो प्लेटका बस र भ्यान निजी शैक्षिक संस्थामा सञ्चालनमा छन् । निजी स्कुलले विद्यार्थी 'पिक एण्ड ड्रप' का लागि सवारीको व्यवस्था गरेको छ । यद्यपि, शैक्षिक संस्थामा चल्ने सवारीसाधनहरू निकै पुराना छन् ।

यस्ता थोत्रा गाडीमा टन्न विद्यार्थी हालेर घरबाट विद्यालयसम्म ल्याउन र लैजाने काम भइरहेको छ । निजी विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावक दिनहुँ छोराछोरीलाई बस स्टपसम्म पुर्‍याउन जान्छन् । आफ्नो सन्तानलाई झोला भारी भएको अभिभावकलाई महसुस हुन्छ तर गाडीको अवस्था उनीहरूले ख्याल राख्दैनन् ।

आफ्ना सन्तान चढ्ने बस कति वर्ष पुरानो ? यो अभिभावकलाई थाहा छैन । यता, ट्राफिक प्रहरीले पनि विद्यार्थी बोक्ने बसको बिलबुक चेकजाँच गर्दैन । स्कुलको बस भनेपछि खुईका खुइँ जान दिन्छ । उपत्यकाभित्र होस् या बाहिर, अहिले अधिकांश स्कुलको बसमै चढेर पढ्न जान्छन् ।

बसबाट जाने क्रममा दुर्घटना भएर विद्यार्थीको ज्यान गएको धेरै घटना छ । २०७१ भदौ १९ गतेको मन्त्रिपरिषद्को बैठकले २० वर्ष पुगेका भाडाको गाडी हटाउने निर्णय गरेको छ । सो निर्णय सोही वर्षको फागुन १८ गते राजपत्रमा प्रकाशित भएको छ । भाडाको गाडी १९ वर्ष छ महिना चलाएपछि यातायात व्यवसायीले सो गाडीको लगतकट्टा गरेर निजी प्लेटमा दर्ता गरिरहेका छन् ।

भाडाको गाडीको लगतकट्टा गरेर निजी प्लेटमा दर्ता नगर्नू भनेर सरोकारवाला निकायले यातायात व्यवस्था कार्यालयलाई परिपत्र गरेको छैन । निजी शैक्षिक संस्थाको अगाडि संघ र प्रदेशकै यातायात मन्त्रालय निरीह देखिएको छ । यस्ता बसले गर्दा दुर्घटनाका साथै ट्राफिक जाम बढेको छ ।

विद्यार्थीका अभिभावकले आफ्ना सन्तान गाडीमार्फत विद्यालय पठाएको छुट्टै पैसा तिर्दै आएका छन् । कतिपय स्कुलले गाडीको सुविधा निःशुल्क भन्छ, तर अन्य शीर्षकमा जोड्छ । अभिभावकले मासिक हजारौं रूपैयाँ गाडी भाडाबापत तिरिरहेका छन् । तर, सन्तान भने थोत्रा गाडीमा झुण्डिएर, कोचिएर पढ्न जान बाध्य छन् ।

स्कुलको बस र भ्यान चलाउने चालक-सहचालकलाई राति खाएको जाँडले बिहानसम्म छोडेको हुँदैन । झुम्मिएकै अवस्थामा उनीहरू गाडी चलाउन जान्छन् । मापसे चेकजाँचमा धेरै विद्यालयका चालक र सहचालकहरू पनि कारबाहीमा पर्ने गरेका छन् । कतिपय चालक त लाइसेन्सविनै गाडी हुइँकाइरहेका हुन्छन् ।

रातो प्लेटको गाडीले विद्यार्थी बोकेर आम्दानी गरिरहेको छ तर राज्यलाई तिर्नुपर्ने कर भने तिरेको छैन । न गाडीको बिमा गरेको पाइन्छ न विद्यार्थीको । यस्ता सवारीले न रुट परमिटको पैसा तिर्छ न जाँचपासको । प्रदूषण चेकजाँच पनि गरिँदैन । न घरेलु र कम्पनीमा गएर पञ्जीकरण नै हुन्छ । एउटा गाडीमा १० लाखदेखि ५० लाख रूपैयाँसम्म लगानी गरिएको हुन्छ । तर, राज्यले त्यसको राजस्व पाउँदैन । एउटा बसबाट स्कुलले मासिक लाखौं आम्दानी गर्दछ, यसबापत पनि राज्य शून्य छ । विद्यार्थीले थोत्रा गाडी चढ्नुपरेको छ, अभिभावकले महँगो । कमाउनेचाहिँ स्कुलमात्रै ।

अहिले जति पनि स्कुल बस सञ्चालनमा छन्, ती सबै पेट्रोल डिजेलबाट चल्छ । नेपाल आयल निगमले पेट्रोल डिजेलको मूल्य घटाए-बढाएसँगै प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालय र यातायात व्यवस्था विभागले नयाँ भाडादर निर्धारण गर्दछ । सरकारले तोकेकोभन्दा बढी भाडा लिएमा ट्राफिक र विभागले त्यस्ता सवारी चालकलाई कारबाही गर्छ ।

तर, विद्यार्थी बोक्ने गाडीको भाडा निर्धारण गर्न कुनै निकायले चासो देखाएका छैनन् । शिक्षा विभाग, यातायात व्यवस्था विभाग, स्थानीय सरकारले भाडा निर्धारणमा चासो देखाएको छैन । जसका कारण प्रिन्सिपलको जिब्रोले गाडी भाडा निर्धारण गर्दै आएको छ । उसले जति भन्यो, अभिभावकले त्यति नै तिर्नुपर्छ ।

कानुन कार्यान्वयनमा ट्राफिक निरीह देखिएको छ । २० वर्षे नीति बनिसकेको छ तर ट्राफिकले कार्यान्वयनमा ल्याउन सकेको छैन । सवारीसाधनको अनुगमन पनि गर्दैन । कुनै नीति पनि बनाउँदैन । जनताले तिरेको करबाट तलबभत्ता खाने, बाटोमा उभिनेबाहेक केही कामै भएन । ट्राफिकले काम गर्न नसक्दा राज्यको ढुकुटीमा राजस्व आएन । प्रदूषण र दुर्घटना पनि घटेन । जनताको बाँच्ने अधिकार पनि हनन भयो । ट्राफिक असक्षम देखियो । जनताले तिरेको कर 'वालुवामा पानी हालेझैं' भयो ।

***– रामकृष्ण खत्री, ललितपुर***

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# काकाकुल अँधेरीगाउँ

■ सुदीप राउत



सिरहा- मिर्चैया बजारबाट करिब १५ किलोमिटर उत्तर-पूर्वको चुरेफेदमा पर्छ अँधेरीगाउँ । मिर्चैया नगरपालिका-९ को यो गाउँवासीले हिजोआज धित् मरुन्जेल पानी पिउन पाएका छैनन्, त्यो पनि महिनौंसम्म । खडेरी लम्बिएको छ । खोला, इनार र कुवा सुकेका छन् । त्यसैले अझै कति दिनसम्म यस्तो नियती भोग्नुपर्ने हो टुंगो छैन ।

पानीविनाको जिन्दगी कल्पना पनि गर्न सकिँदैन तर यहाँका नागरिकले यतिबेला पानीकै लागि तीनै तहका सरकारसँग गुहार मागिरहेका छन् । 'एक महिनाअघिसम्म नजिकैको इनारमा धमिलै भए पनि पानी रसाउँदै थियो, अहिले त्यो पनि सुकिसकेको छ । अब के पिएर बाँच्ने, कहाँबाट पानी किनेर ल्याउने,' स्थानीय शोभा लकान्द्री भन्छिन्, 'हामी बाउआमा त भोकप्यास सहुँला तर छोराछोरीले काकाकुल भएर पानी माग्दा के दिनु ? अब पानीविना तड्पिनुपर्ने अवस्था आउँदै छ ।' कयौं दिन खाना पकाउनका लागि आवश्यक धमिलो पानीसमेत नभएर चियामै बालबच्चालाई भुलाएको र आफूहरू भोकै बसेको पीडा उनले सुनाइन् ।

अँधेरीगाउँमा ३६ परिवार बसोबास गर्छन् । खानेपानीको चरम अभाव यहाँको साझा समस्या हो तर समस्या टार्न स्थानीय सरकारको ध्यान जान सकेको छैन । स्थानीय वीरेन्द्रकुमार यादवले खानेपानी अभाव पूर्तिका लागि स्थानीय युवाले नजिकैको चोहर्वाबाट ट्र्याक्टरमामार्फत पानी ल्याउने गरेको सुनाए । 'हामीले बेलाबेला चोहर्वाबाट खानेपानी ल्याउँछौं । त्योबेला पानीका लागि स्थानीयले गरिरहेको लुछाचुडी देखेर सामाजिक सञ्जालमा अन्य देशमा देखेका दृश्य झल्झली आँखामा नाच्छन्,' यादव भन्छन्, 'यहाँका बालबालिका आफ्ना अभिभावकलाई अघाउन्जेल खाने गरी धेरै पानी माग्न गरेको बिलौला सुन्दा त निकै भावुक बनाउँछ ।'

यादवका अनुसार चोहर्वाका केही युवाले तीन हप्तादेखि बेलाबेला पानी वितरण गरिरहेका छन् तर आर्थिक अभावका कारण सधैं यसरी वितरण गर्ने अवस्था छैन । 'जनप्रतिनिधिले गर्नुपर्ने काम हामीले गरिरहनुपरेको छ । यस विषयमा जनप्रतिनिधिसँग कुरा नगरेका पनि होइनौं तर उनहरूले समस्या समाधानका लागि चासो राख्नुभएको छैन । उनहरूले चाहेमा हामीले गरेजस्तै पानी वितरण गर्न सकिन्छ नि !,' यादवले गुनासो गरे ।

स्थानीय बुद्ध लामाले आफूहरूलाई चुरेवासीले बर्सेनि भोगिरहेका समस्याबारे चुनाव र त्यसपछि बारम्बार जानकारी गराउँदा पनि बेवास्ता भइरहेको बताए । 'पानीको समस्या समाधान होला, खानेपानी आयोजना बनाउँलान् भनेर गाउँलेवासीले सल्लाह गरेरै भोट हाल्छौं । यसपटकको स्थानीय चुनावमा पनि त्यही गर्‍यौं तर चुनाव जितेको झण्डै दुई वर्ष बितिसक्दा पनि हाम्रो समस्या समाधान भएन । हिउँदयाममा अघाउन्जेल पानी खान नपाउने अवस्था कायमै छ,' लामाले भने ।

उनले गत हप्ता वडा, नगरपालिका र जिल्ला प्रशासन कार्यालयमा खानेपानीको अभावबारे जानकारी दिँदै अस्थायी व्यवस्था गर्न आग्रह गरिएको जानकारी दिए । उनले अगाडि थपे, 'वडा र नगरमा जाँदा बोरिङ आउँदै छ भन्छन् तर कहिले आउने हो टुंगो छैन । हामी निमुखाको आवाज कसले सुन्छ र हजुर !'

अँधेरीगाउँको समस्या समाधानका लागि नगरपालिकाले 'डिपबोरिङ' गाड्ने भन्ने थालेको पनि धेरै भइसकेको छ । स्थानीयले चालु आर्थिक वर्षमा पनि त्यस्तो योजना रहेको सुनिरहेका छन् तर हालसम्म पनि कार्यान्वयनको सुरसार छैन । वडाध्यक्ष दिनेशकुमार मण्डल र नगरपालिकाको नेतृत्व यहाँको समस्याबारे बेखबर छैन । वडाध्यक्ष मण्डलले स्थानीयको समस्याबारे आफू जानकार रहेको र समस्या समाधानका लागि पहल गरिरहेको बताए । 'योभन्दा पहिले त्यस गाउँको बीचमा पर्नेगरी एउटा हाते बोरिङ लगाउन खोजेकै हो तर स्थानीयबीचको विवादले सम्भव भएन,' अध्यक्ष मण्डलले भने, 'ठूला योजना वडाको स्रोतसाधनले कार्यान्वयन गर्न सकिँदैन । यस वर्ष नगरबाट हाम्रो वडाका लागि तीनवटा डिपबोरिङ दिने कुरा छ, त्यसमध्ये पहिलो प्राथमिकतामा अँधेरीगाउँ नै छ ।'

उनले नजिकै रहेका रामपुरा, सुन्दरपुर र ननुवाको बीचभागमा अवस्थित कमलदहमा पानीको सतह घटेर आसपासका बस्तीमा पानीको समस्या देखिएको र अब एकीकृतरूपमा समस्या समाधानको पहल गर्नुपर्ने बताए । नगरप्रमुख श्रवणकुमार यादवले केही दिनदेखि पानी वितरण भइरहे पनि दीर्घकालीनरूपमा समस्या समाधानका लागि पहल गर्ने बताए । उनले वैकल्पिक व्यवस्था नहुँदासम्म आफ्नो नगर क्षेत्रका जनतालाई पानी ओसारेर वितरण गर्ने प्रतिबद्धता व्यक्त गरे । 'नगरपालिकाले ७० लाख रूपैयाँको लागतमा तीनवटा डिपबोरिङ योजना यसै आवमा सम्पन्न गर्ने लक्ष्य राखेको छ, त्यसका लागि प्राविधिक अध्ययन गरिरहेका छौं,' नगरप्रमुख यादवले भने, 'अँधेरीलगायत पानीको चरम अभाव रहेका क्षेत्रलाई प्राथमिकतामा राखेर योजना अगाडि बढाउने छौं ।'

पानीका सतह गहिरिँदै जाँदा ठूला डिपबोरिङ पनि असफल भइरहेकाले त्यसको विकल्पका बारेमा योजना बनाउनुपर्ने जानकारहरू बताउँछन् । नगरप्रमुख यादव भने ठूला योजना सञ्चालन गर्न नगरको आर्थिक स्रोतले नभ्याउने भएकाले संघीय सरकारले सहयोग गर्नुपर्ने बताउँछन् । 'डिपबोरिङ पनि खानेपानी समस्या समाधानको दीर्घकालीन उपाय होइन भन्ने कुरा अन्य ठाउँका अभ्यासले देखाइसकेको छ । त्यसैले चुरे संरक्षणका साथै यहाँका नदीनालामा ड्याम लगाएर पानी सञ्चित तथा स्थानीयलाई आपूर्तिका लागि तीनै तहका सरकारले एकीकृत योजना बनाएर कार्यान्वयनको विकल्प छैन,' उनले भने । *रासस*

# ६ महानगरमध्ये भरतपुरको बेरुजु सबैभन्दा कम

**चितवन–** छ वटा महानगरमध्ये भरतपुर महानगरको बेरुजु सबैभन्दा कम देखिएको छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०७९/८० को प्रतिवेदनमा भरतपुर महानगरको बेरुजु शून्यजस्तै छ ।

कार्यालयको ६१औं वार्षिक प्रतिवेदनमा महानगरको बेरुजु ०.०१ प्रतिशतमात्रै छ । जुन रकमको हिसाबले पाँच लाख १५ हजार रूपैयाँमात्रै हो । प्रतिवेदनअनुसार उक्त आवमा आठ अर्ब ५० करोड ९२ लाख ८७ हजार रूपैयाँको लेखापरीक्षण गरिएको थियो ।

प्रतिवेदनअनुसार काठमाडौं महानगरको बेरुजु १.११ प्रतिशत अर्थात् २५ करोड ७० लाख ३४ हजार रूपैयाँ, पोखरा महानगरको ७.९८ प्रतिशत अर्थात् ७९ करोड २३ लाख ७५ हजार रूपैयाँ रहेको छ । यस्तै वीरगञ्जको ७.१४ प्रतिशत अर्थात् ५७ करोड ९४ लाख ८२ हजार रूपैयाँ, विराटनगरको १.०३ प्रतिशत अर्थात् सात करोड ११ लाख ५३ हजार रूपैयाँ र ललितपुरको ०.४६ अर्थात् चार करोड ५१ लाख रूपैयाँ बेरुजु कायम भएको छ ।

भरतपुर महानगरपालिकाका आर्थिक प्रशासन महाशाखा प्रमुख जगन्नाथ अर्यालले आर्थिक वर्ष २०७९/८० मा महानगरको बेरुजु विगतका वर्षको तुलनामा घटेको छ । आर्थिक वर्ष २०७८/७९ को प्रतिवेदनमा भरतपुरको बेरुजु ०.०८ प्रतिशत थियो । आर्थिक वर्ष २०७७/७८ मा पेश्कीबाहेक बेरुजुमा ०.२५ प्रतिशत थियो । असुल गर्नुपर्ने बेरुजु पनि घट्ने क्रममा रहेको छ । महानगरपालिकाले बेरुजु नहुनेगरी कार्यसम्पादनमा कडाइ गरेका कारण बेरुजु घटेको उनले जानकारी दिए ।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले पछिल्ला हरेक वर्षमा महानगरपालिकाको बेरुजु कम हुँदै गएको बताइन् । उनले भनिन्, 'ऐन, नियम र मापदण्डको पूर्णपालना गरिएको, उपभोक्ता समितिलाई पेश्की दिने कार्यमा कडाइ गरिएको र बेरुजु फर्स्योटमा विशेष जोड दिएकै कारण अन्य महानगरपालिकाभन्दा भरतपुरको बेरुजु निकै कम बनाउन सकिएको हो ।'

गतिशील, पारदर्शी एवं स्वच्छ नेतृत्व र लेखा समितिको क्रियाशीलताका कारण न्यून बेरुजु आएको प्रमुख दाहालले भनाइ छ । उनले थपिन्, 'हामी बेरुजुलाई शून्यमै झार्ने अभियानमा छौं ।' भरतपुर महानगरपालिकाले बेरुजु फर्स्योटका लागि अभियान नै सञ्चालन गरिरहेको छ । उनले भनिन्, 'जवाफदेहिता, पारदर्शिता र आर्थिक मितव्ययितामा हामी प्रतिबद्ध छौं ।'

उपप्रमुख चित्रशेन अधिकारीले सुशासनमा ध्यान दिँदै जनताको मन जितेर विकासमा महानगर जुटेको बताए । उनले भने, 'छिटो-छरितो सेवा प्रवाहमा महानगर लागेको छ ।' खर्चमा गरिएको मितव्ययिता, नियम कानुनको परिधिमा रहेर खर्च गर्ने पद्धतिको विकास, आन्तरिक नियन्त्रण पद्धतिमा सुदृढीकरणका कारण बेरुजु घटाउन सफल भएको अधिकारीले बताए ।

महानगरले तहगत रूपमा बलियो अनुगमन संयन्त्र बनाएको र मापदण्ड कार्यविधिको पूर्णपालना गरेको जनाएको छ । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROAD MAWAHEB COMPANY FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०८१/०२/०२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१५ LT. No. 304848 चलानी नं. ६०२१९५९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 20 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
श्रम ईजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : STAR GROUP CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८१/०२/१४ LT. No. 305437 चलानी नं. ६०२२०१९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 100 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VERA CLEANING & MAINTENANCE

पूर्व स्वीकृति मिति: २०८१/०१/२१ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१५ LT. No. 304039 चलानी नं. ६०२०२२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 10 | 10 | 1000 | ३६,५७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 10 | 15 | 1000 | ३६,५७० | | | | | | | |
| 3 | Labor Services | 15 | 0 | 1000 | ३६,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEMP STAR CONT & SERVICES WLL

पूर्व स्वीकृति मिति २०८०/०२/१९ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०२/१५ LT. No. 287084 चलानी नं. ६०२०१९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 0 | 4 | 2500 | ९०११२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 2 | 1100 | ३९६४९ | | | | | | | |
| 3 | Representative | 0 | 1 | 2100 | ७५६९४ | | | | | | | |
| 4 | SUPERVISIOR | 16 | 0 | 2500 | ९०११२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Leaders International Recruitment Agency Pvt. Ltd
श्रम ईजाजत नं.१६१५/०७९/०८०
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748
Email: leadersnepal1615@gmail.com



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUBRAD BEAUTY

पूर्व स्वीकृति मिति: २०८१/०२/११ LT. No. 305088 चलानी नं. ६०२२००४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 3 | 150 | ५२,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Chinari Overseas Pvt. Ltd.
Govt. License 1165/073/074
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SABAH AL MAHAL TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०८१/०२/१४ LT. No. 305466 चलानी नं. ६०२२०२००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४३,४२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 6 | 0 | 1200 | ४३,४२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.
SOE श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9851196634, 9846061401
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALIDIYA MALL L L C

पूर्व स्वीकृति मिति २०८१/०२/१४ LT. No. 305419 चलानी नं. ६०२२०१९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales lady | 0 | 40 | 1300 | ४७,०४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 40 | 0 | 1300 | ४७,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
श्रम ईजाजत नं. २३५/०५८/०५९
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np



## जापानमा वैदेशिक रोजगारको अवसर

सच्याइएको

कम्पनी : THE MIE KUMANO-KODO SOCIETY OF COMMERCE AND INDUSTRY

पूर्व स्वीकृति मिति: २०८१/०१/२३ पून: विज्ञपन स्वीकृति मिति: २०८१/०२/१४ LT. No. 304193 चलानी नं. ६०२१९०२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic Molding | 2 | 4 | 161938 | ८१०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ५०,०००/-

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

Google Overseas Pvt.Ltd
श्रम ईजाजत नं. ६३१/०६३/०६४
KTM-4, Dhumbarahi, Nepal
Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com

प्रभाव दैनिक




## 'जन्ते बाख्रो'मा सौगात मल्ल अनुबन्धित

चलचित्र 'जन्ते बाख्रो'को मुख्य भुमिकामा अभिनेता सौगात मल्ल अनुबन्धित भएका छन। मंगलबार निर्माण टिमले चलचित्रमा सौगात मल्ल अनुबन्धित भएको जानकारी गराएका हुन्। सिमोस सुनुवारको निर्देशनमा तयार हुन लागेको यो चलचित्रको केही समय अघि निर्माण घोषणा गरिएको थियो । 'जन्ते बाख्रो' निर्माण घोषणा गर्दा चलचित्रमा कोको कलाकार रहने भन्ने बारे निर्माण टिमले जानकारी गराएका थिएनन। यो चलचित्रमा सिमोस र सौगातले तेस्रो पटक सहकार्य गर्दैछन् ।



बुधबार १६, जेठ २०८१ (Wednesday, May 29, 2024)

# नेपाली चलचित्र क्षेत्रको नाम 'सिनेमाण्डु' राखिने



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र क्षेत्रको नाम 'सिनेमाण्डु' राखिने भएको छ । चलचित्र विकास बोर्डमा सोमबार बसेको चलचित्र सम्बद्ध संस्थाले सर्वसम्मत रूपमा उद्योगको नाम 'सिनेमाण्डु' राखेको नेपाल चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्काले बताए ।

'छलफलमा तीनवटा नाम आएको थियो । तर 'सिनेमाण्डु' भन्ने सर्वसहमत भयो', खड्काले भने, 'असोज १५ लाई राष्ट्रिय दिवसको रूपमा मनाउने निर्णय भयो ।' छलफलमा 'सिनेमाण्डु' नामाकरणबारे सहमति जुटेको र बोर्डको बैठक छिट्टै डाकेर त्यसलाई अनुमोदन गर्ने तयारीमा बोर्ड जुटेको छ । नामाकरणबारेको सहमतिमा सहभागी संस्थाका प्रतिनिधिले हस्ताक्षर गरेका छन् । बैठकमा चलचित्र निर्माता संघ, चलचित्र संघ, आदिवासी चलचित्र संघ लगायत थुप्रै संघसंस्थाको प्रतिनिधिको सहभागिता रहेको थियो ।

नाम अव सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाइने छ । मन्त्रालयले यो नामलाई मन्त्रिपरिषद् बैठकमा पेस गर्नेछ । मन्त्रिपरिषद् बैठकले अनुमोदन गरेपछि आधिकारिक रूपमै नेपाली फिल्म क्षेत्रको नाम 'सिनेमाण्डु' हुनेछ । यसअघि चलचित्र क्षेत्रलाई कलिउड भनिँदै आएको छ । मन्त्रिपरिषद्बाट पास भएपछि भने 'सिनेमाण्डु' भन्नु पर्नेछ ।

## डा. रिजाललाई 'अमर भावना सम्मान'

**काठमाडौं (प्रस)–** विशिष्ट गीतकार डा. भोला रिजाललाई 'अमर भावना राष्ट्रिय स्रष्टा सम्मान-२०८०' प्रदान गरिएको छ । गीतकार सङ्घ नेपालले १५औं स्थापना दिवसको अवसर पारेर सोमबार आयोजना गरेको 'राष्ट्रिय स्रष्टा सम्मान एवं पुरस्कार वितरण कार्यक्रम- २०८०' मा उक्त सम्मान प्रदान गरिएको हो । कार्यक्रममा संस्कृति, तथा नागरिक उड्डयन मन्त्री हित बहादुर तामाङले डा. रिजाललाई एक लाख ५१ हजार रूपैयाँ सहित माला र ताम्रपत्रद्वारा सम्मान अर्पण गरे ।

त्यसैगरी कार्यक्रममा मैथिली गीतकार अशोक दत्तलाई २५,२५२ नगद राशि सहित 'विष्णु मनसरा मातृभाषा २०८०' प्रदान गरियो । सोही समारोहमा अमेरिकामा कार्यरत पद्मा लिंखा मगरलाई १५ हजार राशिसहितको 'वर्ष डायस्पोरा गीतकार सम्मान' प्रदान गरियो ।

कार्यक्रममा 'भैरवनाथ रिमाल (कदम) वर्ष गीत पुरस्कार पुरस्कार-२०८०' मा छनौटमा परेका १० गीत मध्येबाट दुई गीत पुरस्कृत भए । मदनमाबो लिखित 'आमा' र विष्णु भण्डारी लिखित 'चाहना हो तिमी मेरो' पुरस्कृत भएका हुन् । माबो र भण्डारी जनही २८ हजार पाँच सय रूपैयाँसहित पुरस्कृत भएका हुन् । गीतकार संघमा आबद्ध सदस्यहरूले २०८० सालका लागि दर्ता भई छनौटमा परेका १० गीतबाट यी दुई गीत उत्कृष्ट भएका हुन् ।

बजेटमा कला र साहित्य

# फिल्म स्टुडियो निर्माणदेखि प्रतिलिपि अधिकार संरक्षणसम्म



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले काभ्रेको बनेपामा चलचित्र छायांकनका लागि स्टुडियो निर्माण कार्य सुरु हुने भएको छ । मंगलबार अर्थमन्त्री वर्षमान पुनले संघीय संसदको दुवै सदनमा आगामी आर्थिक वर्षका लागि बजेट प्रस्तुत गर्दै बनेपामा चलचित्र छायांकनका लागि स्टुडियो निर्माण कार्य सुरु हुने बताएका हुन् ।

बजेटमा अर्थमन्त्री पुनले दोलखा चलचित्र नगरी निर्माणका लागि निजी तथा साझेदारी अभियान समेत अगाडि बढाउने बताएको छ । बनेपामा स्टुडियो बनाउन हालै जिल्ला वन कार्यालयले चलचित्र विकास बोर्डलाई जग्गाको स्वामित्व प्रदान गरेको थियो । गत वर्षको बजेटमा पनि सरकारले काभ्रेको बनेपामा बन्ने स्टुडियो र दोलखाको फिल्म सिटी सम्बोधन गरेको थियो । त्यस्तै यस वर्षको बजेटमा सरकारले भाषा, साहित्य, दर्शन, संस्कृति, कला, सङ्गीत, नाट्यलगायतका अमूर्त सांस्कृतिक क्षेत्रको विकास र प्रवर्द्धन गर्ने समेत बताएको छ ।

बजेटमा प्रतिलिपि अधिकारको संरक्षण र नियमन समेत उल्लेख गरिएको छ ।

त्यसैगरी काभ्रेको बनेपामा चलचित्र छायांकनका लागि स्टुडियो निर्माण कार्य सुरु हुने भएको छ । मंगलबार अर्थमन्त्री वर्षमान पुनले संघीय संसदको दुवै सदनमा आगामी आर्थिक वर्षका लागि बजेट प्रस्तुत गर्दै बनेपामा चलचित्र छायांकनका लागि स्टुडियो निर्माण कार्य सुरु हुने बताएका हुन् । अर्थमन्त्री पुनले दोलखा चलचित्र नगरी निर्माणका लागि निजी तथा साझेदारी अभियान समेत अगाडि बढाउने बताएका छन् ।




## 'ईश्वर'को नयाँ पोस्टर सार्वजनिक

**काठमाडौं (प्रस)–** राजु गिरीको निर्देशनमा तयार भएको फिल्म 'ईश्वर'को नयाँ पोस्टर सार्वजनिक भएको छ। सार्वजनिक पोस्टरमा फिल्मका कलाकारद्वय पृथ्वीराज प्रसाईं र अनु शाह फिचर्ड छन् ।

ताललाई पृष्ठभूमिमा राखेर बनाइएको पोस्टरमा पृथ्वी र अनुलाई रोमान्टिक भावमा देख्न सकिन्छ । पोस्टरमा साइकललाई पनि देखाइएको छ । दिव्या कंगना फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा राजु गिरीको निर्देशन तथा हरिबहादुर थापाको निर्माण छ । फिल्ममा भोजराज देवकोटाको पटकथा तथा संवाद छ ।

निर्देशक राजुका अनुसार केही दिनअघि पोखरामा फिल्मको प्रिमियर गरिएको थियो । 'फिल्म हेरेका अधिकांश दर्शकका आँखा रसाएका थिए । उनीहरू फिल्मका हरेक दृश्यमा भावुक बनेका देखिन्थें', निर्देशक गिरीले भने ।

लक्ष्मी कुँवर थापाको प्रस्तुतिमा निर्माण भएको फिल्ममा ध्रुव थापा, पृथ्वीराज प्रसाईं, अनु शाह, सुनिल थापा, सविन बास्तोला, माओत्से गुरुङ, शिशिर बाङ्देल, ध्रुव थापा, रविन्द्र झा, बुद्धि तामाङ, कृष्टि गुरुङ, गीता अधिकारीलगायतको अभिनय छ । यहि फिल्मबाट अभिनेत्री अनु शाहले ५ वर्षपछि अभिनयमा कमब्याक गरेकी हुन्। उनको पछिल्लो प्रदर्शनमा आएको फिल्म 'पसिना' हो ।

फिल्ममा अर्जुन पोखरेल, राजेन्द्र बजगाई र बीपी वाग्लेको संगीत, कविराज गहतराज, देवेन्द्र पाण्डे र सुरेश पाण्डेको कोरियोग्राफी रहेको छ। फिल्ममा रामेश्वर हुँमागाईको छायांकन र देव महर्जनको द्वन्द्व निर्देशन रहेको छ । फिल्मको वितरणको आरआर फिल्मसले गर्दैछ । फिल्म साउन ११ मा रिलिज हुँदैछ ।



बजेटमा खेलकुद

# खेलकुद मन्त्रालयलाई साढे तीन अर्ब विनियोजन



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले युवा तथा खेलकुद मन्त्रालयका लागि रु तीन अर्ब ५० करोड रकम विनियोजन गरेको छ । अर्थमन्त्री वर्षमान पुनले संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै उनले उक्त रकम विनियोजन गरेको बताएका हुन् । उक्त रकम अघिल्लो आर्थिक वर्षको तुलनमा यसपटक वृद्धि भएको हो । सरकारले युवा तथा खेलकुद मन्त्रालयलाई अघिल्लो वर्ष रु दुई अर्ब ८७ करोड ५९ लाख बजेट छुट्याइएको थियो ।

आगामी आर्थिक वर्षमा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा उत्कृष्ट नतिजा भित्र्याउनका लागि राष्ट्रिय टिमको तयारीका साथै खेलाडीलाई प्रोत्साहन गरिने सरकारको योजना रहेको छ । यसैगरी, सरकारले आगामी आर्थिक वर्षमा विभिन्न विधाका ८० वटा राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना गर्ने लक्ष्य लिएको छ भने सुर्खेतमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि रु ६० करोड विनियोजन गरेको छ ।

नेपालको मौलिक खेल एवं परम्परागत घोडाचढी, डण्डीबियो, बागचाललगायत खेलको प्रवर्द्धन गर्ने, आधुनिक प्रविधियुक्त ई-स्पोर्टसको अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने, काठमाडौंको मूलपानी क्रिकेट रंगशाला र विराटनगरको गिरिजाप्रसाद कोइराला रंगशालालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा निर्माण गर्ने सरकारको लक्ष्य रहेको छ । चितवनको भरतपुरमा निर्माणाधीन गौतमबुद्ध क्रिकेट रंगशालाको निर्माण संघ, प्रदेश र स्थानीयतहको साझेदारीमा निर्माण अघि बढाइनाका साथै खेलकुद पूर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राखिने सरकारको योजना छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय रंगशाला र कैलालीको फाप्ला क्रिकेट रंगशाला निर्माणलाई तीव्रता दिने सरकारको योजना रहेको छ । सरकारले खेल पूर्वाधार निर्माणतर्फ रु एक अर्ब तीस करोड रकम विनियोजन गरेको छ ।

### त्रिवि क्रिकेट मैदानको स्तरोन्नति गरिने

**काठमाडौं (प्रस)–** अर्थमन्त्री बर्षमान पुनले खेल क्षेत्रको पुर्वाधार विकासका लागि एक अर्ब ३० करोड बजेट छुट्ट्याएको घोषणा गरेका छन् ।

मंगलबार आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्दै अर्थमन्त्री पुनले खेल क्षेत्रको पूर्वाधार विकासको लागि एक अर्ब ३० करोड बजेट छुट्याएको घोषणा गरेका हुन् । उनले त्रिवि क्रिकेट मैदानको स्तर उन्नति गरिने बताए । साथै गौतम बुद्ध रंगशालालाई प्रदेश र स्थानीय तहको सहकार्यमा निर्माण गरिने बताए । त्यस्तै उनले खेलकुद मन्त्रालयका लागि ३ अर्ब ५० करोड बजेट बिनियोजन गरेको बताए ।

सहिद स्मारक 'सी' डिभिजन

# शीर्ष स्थानमा फर्कियो बागमती

■ प्रभाव संवाददाता



**काठमाडौं–** खेल सकिन केही सेकेन्ड बाँकी रहँदा राज भुषालले गोल गरेसँगै बागमती यूथ क्लबले सहिद स्मारक 'सी' डिभिजन लिगको अंक तालिकाको शीर्ष स्थानमा फर्किएको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मंगलबार सम्पन्न खेलमा बागमतीले समाज कल्याण खेलकुद केन्द्रलाई २-१ गोलले पराजित गरेको हो ।

जितसँगै बागमतीले १० खेलमा २३ अंक जोडेको छ । पराजित समाज कल्याण समान खेलबाट १६ अंकका साथ चौथो स्थानमा छ । बागमतीको जितमा सिर्जनराज गौतम र राज भुसालले गोल गरे । समाज कल्याणका रोशन क्षेत्रीले गोल फर्काए । खेलको तेस्रो मिनेटमै सिर्जनको गोलबाट बागमतीले शुरूआती लिएको थियो । तर, खेलको ३४औं मिनेटमा समाज कल्याण खेलमा फर्कियो । अतिरिक्त समयको आठौं मिनेटमा बागमतीका राजले गोल गरे । उनले सचु गुरुङले मध्यभागबाट फ्रिकिकमार्फत प्रहार गरेको बललाई गोल लाइननजिक रहेका राजले गोलमा परिणत गरे । योसँगै बागमतीले ३ अंक हात पार्यो ।

**बराबरीमा रोकिए सामाजिक र महावीर**

सहिद स्मारक 'सी' डिभिजन लिगमा सामाजिक यूथ क्लब र महावीर क्लब बराबरीमा रोकिएका छन् । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मंगलबार सम्पन्न खेलमा दुइ टोलीले १-१ गोलको बराबरी खेलेका हुन् । खेलको ३८औं मिनेटमा सुवास गोलेले गोल गर्दै सामाजिकलाई सुरूआती अग्रता दिलाए । तर, ७८औं मिनेटमा अमनराज भक्तले गर्दै महावीरलाई १ अंक दिलाए । बराबरीसँगै १० खेल खेलेको सामाजिक १३ अंकसहित आठौं स्थानमा छ । महावीर भने १० अंकका साथ ११औं स्थानमा छ ।

## फुलबारीसँग एलिट पराजित

■ प्रभाव संवाददाता



**विराटनगर–** प्रथम कोशी प्रदेश दिवा रात्रीकालीन टी-१० क्रिकेट प्रतियोगितामा विराटनगरको फुलबारी क्रिकेट क्लबसँग एलिट क्रिकेट क्लब पराजित भएको छ । विराटनगर - ६ स्थित एमबिजे क्रिकेट मैदानमा मंगलबारको दोस्रो खेलमा एलिट क्रिकेट क्बललाई १० विकेटले हराउँदै फुलबारी विजय भएको हो । जितसँगै फुलबारीले २ अंक जोडेको छ ।

एलिटले दिएको ९९ रनको लक्ष्य फुलबारीले ५.५ ओभरमा विना क्षति पूरा गर्यो । फुलबारीका ओपन आलोक मञ्जयले अविजित १५ बलमा ४८ रन बनाए । उनले ७ छक्का र १ चौका प्रहार गरे । उनी खेलको प्लेर अफ द म्याच घोषित भए । खण्डक बोहराले २० बलमा ४८ रनको योगदान दिए । उनले ४ छक्का र ५ चौका हिर्काए । त्यसअघि पहिलो ब्याटिङ थालेको एलिटले निर्धातिर १० ओभरमा ३ विकेट गुमाउँदै ९८ रन बनाएको थियो । अंकित गोस्वामीले १६ बलमा ३६ रन बनाए । सुशान्त मिश्रले १४ बलमा २४ रन पारी खेल्दा अभिषेक पलले १३ बलमा २० रन जोडे । फुलबारीका बलर भुवन कार्की, दिपक राज र एमडी कैफले समान १-१ विकेट लिए ।



युक्रेनको किभस्थित इन्डिपेन्डेन्स स्क्वायरको स्मारक क्षेत्रमा रुसले युक्रेनमाथि गरेको आक्रमणबाट मृत्यु भएकाहरूको सम्झनामा गाडिएका युक्रेन तथा अन्य मुलुकका झण्डाहरूबीच युद्धमा मारिएका एक युक्रेनी सैनिकको तस्बिर देखाउँदै महिला । *तस्बिरः एएफपी*

# पपुवा न्यूगिनिमा सहयोग गर्न भारत तयार छ : मोदी

**नयाँदिल्ली (भारत)–** प्रधानमन्त्री नरेन्द्र मोदीले मंगलबार पपुवा न्युगिनीमा पहिरोमा परी ज्यान गुमाउने संख्या करिब ६७० जनाको परिवारप्रति समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् । प्रधानमन्त्री मोदीले पपुवान्युगिनीमा भएको घातक पहिरोबाट ज्यान गुमाएको र क्षति भएकोमा दुःख व्यक्त गरे । उनले यस दुखद् घडीमा भारत सबै सम्भव सहयोग गर्न तयार रहेको कुरामा जोड दिए ।

पपुवा न्युगिनीमा विनासकारी पहिरोबाट भएको मानवीय र अन्य क्षतिप्रति हामी गहिरो दुःख व्यक्त गर्दछौं । हामी पीडित परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं र घाइतेको शीघ्र स्वास्थ्यलाभका लागि प्रार्थना गर्दछौं । भारत सबै सम्भव सहयोग प्रदान गर्न तयार छ, प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समार्फत भने ।

गत हप्ता शुक्रबार उत्तरी पपुवा न्युगिनीको पहाडी क्षेत्र एन्गामा विनासकारी पहिरो गएको हो । देशमा आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आइओएम)का मिसन प्रमुखको अनुमानअनुसार पहिरोमा परी ६७० जनाको ज्यान गएको बताएका छन् । तर, पपुवा न्युगिनीको विपद् एजेन्सीको पछिल्लो प्रक्षेपणअनुसार यो आँकलन कम हुनसक्ने बताएका हुन् ।

'पहिरोमा दुई हजारभन्दा बढी मानिस पुरिएका छन्, खेतीयोग्य जमिन तथा भवन विनास भएका छन् । देशको अर्थतन्त्रमा ठूलो असर पारेको छ,' राष्ट्रिय विपद् केन्द्रका कार्यवाहक निर्देशक लुसेट लासो मानाले संयुक्त राष्ट्र संघलाई लेखेको पत्रमा जानकारी गराए । 'स्थिति अस्थिर छ, पहिरो बढ्दै गइरहेको छ, जसले उद्धार टोली र बाँचेका दुवैका लागि जोखिम छ,' उनले भने । अधिकारीका अनुसार यम्बली गाउँका १५० भन्दा बढी घर भासिएका छन् र यस क्षेत्र चरम जोखिममा रहेको छ बताएका छन् । *रासस/एएनआई*

# रफाह क्रसिङ पुनः खोल्न तयार रहेको प्यालेस्टिनी राष्ट्रपतिको भनाइ

**रामल्लाह (प्यालेस्टिन)–** प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले गाजापट्टी र इजिप्टबीचको रफाह सीमा क्रसिङ पुनःखोल्ने काम गर्ने तयारी अवस्थामा रहेको बताएका छन् ।

राष्ट्रपतिले प्यालेस्टिनीपक्ष सन् २००५ मा क्रसिङको व्यवस्थापनका लागि हस्ताक्षर गरिएको सम्झौताअन्तर्गत रफाह क्रसिङ पुनःखोल्न तयार रहेको प्यालेस्टिनी समाचार एजेन्सी डब्ल्युएएफएले जनाएको छ । युरोपियन युनियन (इयू)को विदेश नीति प्रमुख, जोसेप बोरेलको बयानको प्रतिक्रियामा इयूले रफाहमा आफ्नो सीमा सहायता मिसन पुनःसक्रिय गर्न सहमत भएको घोषणा गरेको थियो । बोरेलले ब्रसेल्समा आयोजित पत्रकार सम्मेलनमा सीमा मिसनको पुनःउत्थानका लागि इजिप्ट, प्यालेस्टाइन र इजरायलको समर्थन आवश्यक पर्ने बताएका छन् । इजरायली सेनाले गाजा नियन्त्रणमा लिएदेखि गाजामा सहायताका लागि मुख्य प्रवेश बिन्दु रफाह क्रसिङ लगभग तीन हप्तादेखि बन्द भएको समयमा बोरेलको यस्तो बयान आएको हो ।

युरोपेली संघद्वारा सन् २००५ मा रफाहमा तैनाथ गरिएको सीमा सहायता मिसनले प्यालेस्टिनी इस्लामिक प्रतिरोध आन्दोलनद्वारा गाजा नियन्त्रण गरेपछि सन् २००७ देखि स्थगित गरेको थियो । *रासस/सिन्हवा*

# स्पेनले युक्रेनलाई एक अर्ब डलर सहयोग गर्ने

**स्पेन–** स्पेनले युक्रेनलाई रुसको आक्रमणविरुद्ध आफ्नो रक्षा गर्नका लागि १.१ अर्ब डलरको सैन्य सहायता दिने वाचा गरेको छ । स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेज र युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सोमबार म्याड्रिडमा सुरक्षा सम्झौतामा हस्ताक्षरसमेत गरेका छन् ।

सम्झौतामा 'सन् २०२४ का लागि एक अर्ब युरो सैन्य सहायताको प्रतिबद्धता समावेश रहेको साञ्चेजले संयुक्त पत्रकार सम्मेलनमा भने । अर्को दशकलाई समेट्ने यो सम्झौताले भूमि, हवाई, नौसेनालगायत आधुनिक सैन्य उपकरणको आपूर्तिमा युक्रेनी क्षमताको आवश्यकतालाई प्राथमिकता दिँदै युक्रेनको खाद्य निर्यातका लागि समुद्रीमार्गको सुरक्षामा जोड दिन्छ ।

यसले युक्रेनी नागरिक, सहर र पूर्वाधारको रक्षा गरी आवश्यक हवाई रक्षा प्रणालीको क्षमता बढाउन अनुमति दिनेछ । जुन यस सातामा खार्किवमा देखिएको अन्धाधुन्ध आक्रमणको सामना गरिरहेको साञ्चेजले उत्तरपूर्वी सहरमा रुसी हमलाको सन्दर्भमा भने । युक्रेनी राष्ट्रपति जेलेन्स्कीले म्याड्रिडको भ्रमण गरेपछि देशले मे-१० देखि खार्किव क्षेत्रमा रूसी भूमि आक्रमणको सामना गरिरहेको छ, जुन मस्कोको १८ महिनाको सबैभन्दा ठूलो क्षेत्रीय प्रगति रहेको जनाइएको छ ।

रुसको पूर्णआक्रमण तेस्रो वर्षमा पुग्दा, युक्रेनले बन्दुकधारी र बढी संख्यामा रहेका सैनिकका लागि थप हतियारको अपिल गरिरहेको छ । यसको हवाई रक्षा प्रणालीको अभावलाई सम्बोधन गर्न सहयोग खोजिरहेको अल जजिराले जनाएको छ ।

स्पेनका प्रधानमन्त्रीले स्पेनले पहिले नै प्याट्रियट मिसाइल आपूर्ति गर्ने वाचा गरिसकेको तर जेलेन्स्कीलाई युक्रेनका सहयोगीबाट मिसाइल प्रक्षेपण प्रणाली चाहिएको कुरामा जोड दिए । सम्झौतापछि युक्रेनी राष्ट्रपतिले युक्रेनलाई वास्तविक र साँच्चै जीवन बचाउने समर्थन गरेकोमा स्पेनलाई धन्यवाद दिए । किएभको हवाई सुरक्षालाई बलियो बनाउन म्याड्रिडले कसरी भूमिका खेल्न सक्छ भन्ने विषयमा पनि दुई नेताले छलफल गरेको उनले बताए ।

सम्झौताअनुसार स्पेनले 'चितुवा टयाङ सबैभन्दा माथि गोला बारुदको अर्को ब्याच पठाउने साञ्चेजले बताए । उनले किएभसँग कसरी काम गर्ने भनेर बुझ्नका तथा अन्य वैकल्पिक प्रणालीसँग युक्रेनको हवाई सुरक्षा सुनिश्चित गर्न मद्दत गर्न जनाए । *रासस/एएनआई*

# भारतको ढुंगाखानीमा दुर्घटना, १० जनाको मृत्यु

**आइजोल, मिजोरम (भारत)–** लगातार वर्षापछि मिजोरामको राजधानी आइजोलमा ढुंगाको थुप्रो खस्दा १० जनाको ज्यान गएको प्रहरी अधिकारीले बताएका छन् । अधिकारीका अनुसार, आइजोलको बाहिरी इलाकामा भारी वर्षाका कारण भएको घटनामा मिजोरामका प्रहरी महानिर्देशक अनिल शुक्लाले सुरुमा सात जनाको मृत्यु भएको पुष्टि भए पनि रिपोर्टमा मृतकको संख्या बढेर १० पुगेको छ ।

दुर्घटनाका कारण मानिसको मृत्यु हुनुका साथै रूख तथा बिजुलीका खम्बाहरू उखडिएका छन् भने बाढीका कारण धेरै सडक दुर्गम भएका छन् । मिजोरामका डिजिपीले राज्यका विभिन्न भागबाट धेरै पहिरोका घटना भइरहेको जनाएको छ ।

प्रहरी कर्मचारीहरू निरन्तर उद्धार कार्यमा संलग्न रहेको बताउँदै नदीको जलस्तर बढेकाले नदी किनारमा बसोबास गर्ने मानिसलाई सुरक्षित स्थानमा सारिएको डिजिपीले बताए । मिजोरमका मुख्यमन्त्री लालदुहोमाले राज्यभित्र प्रभावितलाई सहयोग गर्न राहतको प्याकेज घोषणा गरेका छन् । सूचना तथा जनसम्पर्क विभागले प्रभावित व्यक्तिलाई १५ करोड रूपैयाँ सहायता प्राप्त हुने र मृतकका आफन्तलाई चार लाख रूपैयाँ प्रदान गरिने बताएको छ ।

यसैबीच, बंगलादेशसँग सीमा जोडिएको मिजोरममा चक्रवात रेमलको केही पछिको प्रभावले राज्य प्रशासनलाई सावधानीका उपाय जारी गर्न प्रेरित गरेको छ । विपद् व्यवस्थापन, स्वास्थ्य सेवा र सार्वजनिक उपयोगिताका लागि आवश्यकबाहेक सबै सरकारी कार्यालय सन् २०२४ मे-२८ मा बन्द गर्ने आदेश दिइएको छ ।

सो राज्य प्रशासनले विज्ञप्ति जारी गर्दै खराब मौसम र भारतीय मौसम विज्ञान विभाग (आइएमडी)द्वारा साइक्लोन रेमलमा जारी गरिएको चेतावनीलाई ध्यानमा राख्दै, सरकारले विपद् व्यवस्थापन र पुनःवास, जिल्ला प्रशासन, स्वास्थ्य र परिवार कल्याण, ऊर्जा र बिजुली, स्वास्थ्य, आदि सेवा प्रदायक कार्यालयबाहेक मे-२८ मंगलबार सबै सरकारी कार्यालय बन्द गर्ने आदेश दिएको छ ।

सचिव तथा विभाग प्रमुखले आ-आफ्नो विभागका अधिकारी र कर्मचारीले सो दिन घरबाटै काम गर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ । भारतीय मौसम विज्ञान विभाग (आइएमडी)ले विभिन्न क्षेत्रमा ४०-५० किलोमिटर प्रतिघण्टादेखि ३५-४५ किलोमिटर प्रतिघण्टासम्मको आँधीबेहरीको चेतावनी जारी गरेको छ । २८ मे २०२४ को साँझसम्म मौसम प्रतिकूलताको अवस्था रहने अनुमान गरिएको छ ।

दक्षिणमा हावाको गति ४०-५० किलोमिटर प्रतिघण्टादेखि ६० किलोमिटर प्रतिघण्टासम्म पुग्ने सम्भावना छ । असम र मेघालय, मिजोरम, त्रिपुरा र नागाल्यान्ड, मणिपुर र असमका बाँकी भागमा मे-२८ को दिउँसोसम्म ३५-४५ किलोमिटर प्रतिघण्टादेखि ५५ किलोमिटर प्रतिघण्टाको गतिमा घुम्ने सम्भावना छ । मे २८ को साँझसम्म असम, मेघालय, मिजोरम र त्रिपुरामा ३५-४५ किलोमिटर प्रतिघण्टादेखि ५५ किलोमिटर प्रतिघण्टासम्म घट्ने सम्भावना छ । *रासस/एएनआई*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PIGEON ENGINEERING PROJECTS, TRADING & GENERAL SERVICES WLL

पूर्व स्वीकृति मिति २०७९/१०/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१५ | LT No. 280503 | चलानी नं. ६०१९६०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 2 | 0 | 1100 | ४०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaner | 1 | 0 | 1000 | ३६,५०० | | | | | | | |
| 3 | Business Executive | 1 | 0 | 2500 | ९१,२५० | | | | | | | |
| 4 | Driver | 2 | 0 | 1400 | ५१,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUPREME OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAAD ABDULLAH ABDULAZIZ AL MADHI FODDER FARM

पूर्व स्वीकृति मिति २०८१/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१५ | LT. No. 304999 | चलानी नं. ६०२१९७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Tractor Driver | 1 | 0 | 1800 | ६४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,५५५ | | | | | | | |

कम्पनी : AL MAZIAD COMPANY FOR TRANSPORTATION & CAR TOWING

पूर्व स्वीकृति मिति २०८१/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१५ | LT. No. 304998 | चलानी नं. ६०२१९७७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RELIANCE CONTRACTING COMPANY - WLL

पूर्व स्वीकृति मिति २०८१/०१/२३ | LT. No. 304205 | चलानी नं. ६०२१९०५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 50 | 0 | 1200 | ४३,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 50 | 0 | 1200 | ४३,४२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २४ गते (6th June 2024) मा हुनेछ ।
PIT ट्रेनिङ सेन्टर, जनकपुरमा मितिः २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ । सम्पर्कः ९८०१६२१५१५
जानकी ट्रेनिङ सेन्टर, जनकपुरमा मितिः २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।
जानकी ट्रेनिङ सेन्टरको लागि सम्पर्कः ९८५१३२०४१३, ९८५१०८८४३१

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Care Professional Service Pvt.Ltd.
श्रम ईजाजत नं. १३०८/०७४/०७५
Dhumbarahi, Kathmandu, Nepal Phone : +997-1-4439821, 4417142
Mob: 985-1078503, 980-8477128, 9844409143, 984-7753395, E-mail: info@cpsn.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL FAJR GATE CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८१/०२/१४ | LT. No. 305446 | चलानी नं.६०२२०१९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Road Maintenance Worker | 9 | 0 | 1000 | ३५,५५५ | | | | | | | |

कम्पनी : SAUDI SALCO CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति २०८१/०२/१४ | LT. No. 305427 | चलानी नं.६०२२०१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. 267/058/059
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १३७६०० / प्रति तोला – १३६९५० / प्रति तोला – १९२०

आव २०८१/८२ को बजेट

# ऊर्जाका ठूला आयोजना प्राथमिकतामा

## कूल जडित क्षमता चार हजार ५०० मेगावाट पुऱ्याइने



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्षमा मुलुकको राष्ट्रिय प्रणालीमा चार हजार पाँच सय मेगावाट बराबरको बिजुली उपलब्ध हुने प्रक्षेपण गरिएको छ । अर्थमन्त्री वर्षमान पुनले संघीय संसदमा पेस भएको आर्थिक वर्षमा नौ सय मेगावाट बिजुली थप हुने सरकारले उल्लेख गरिएको हो । ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राख्दै कूल जडित क्षमता बढ्ने बजेटमा उल्लेख छ ।

हाल प्रतिव्यक्ति विद्युत् खपत क्षमता तीन सय ८० किलोवाटबाट बढाएर चार सय ५० किलोवाट बराबर पुग्ने छ । यस्तै, आगामी आर्थिक वर्षदेखि नेपालको बिजुली बंगलादेश पुऱ्याइने छ । भारतमा मात्रै निकासी भइरहेको बिजुली बंगलादेश पुगेपछि नेपालको बिजुली क्षेत्रीय बजारमा प्रवेश गर्नेछ । यस्तै, सुक्खायामको मागलाई सम्बोधन गर्ने लक्ष्यका साथ सरकारले जलाशययुक्त आयोजना निर्माणलाई पनि विशेष प्राथमिकतामा राखेको छ । निर्माणमा जान ठिक्क रहेको एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण सुरु गर्ने छ । सो आयोजना निर्माणका लागि वित्तीय स्रोतको सुनिश्चितताका लागि दुई वटा ढाँचा प्रस्ताव गरिसकिएको छ ।

जलाशययुक्त आयोजनाको बाँध र विद्युत् गृह छुट्टाछुट्टै निर्माण गर्ने गरी आवश्यक व्यवस्था गरिने बजेटमा व्यवस्था गरिएको छ । यस्तै, ६३५ मेगावाट क्षमताको दूधकोशी, चार सय १७ मेगावाट क्षमताको नलगाड जलविद्युत् आयोजना निर्माण सुरु गर्ने व्यवस्था बजेटमा गरिएको छ । यस्तै, दुई सय ८० मेगावाट क्षमताको नौमुरे जलविद्युत् आयोजनाको समेत निर्माण सुरु गर्ने सरकारले लक्ष्य निर्धारण गरेको छ ।

सरकारले वैदेशिक रोजगारीमा रहेका नागरिकको लगानीलाई सुरक्षित गर्ने गरी ७७ दशमलव पाँच मेगावाट क्षमताको घुन्सा खोला र ७० दशमलव तीन मेगावाट क्षमताको सिम्बुआ खोला जलविद्युत् आयोजनाको निर्माण सुरु गर्ने व्यवस्था बजेटमा गरिएको छ । यसैगरी, जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत एक सय छ मेगावाट क्षमताको जगदुल्ला, ९९ दशमलव नौ मेगावाट क्षमताको तामाकोशी पाँचौं, दुई सय १० मेगावाट क्षमताको चैनपुर सेती जलविद्युत् आयोजना निर्माण सुरु गर्ने लक्ष्य निर्धारण गरिएको छ । सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको लगानी ढाँचा निर्धारण गरी निर्माणका लागि आवश्यक प्रक्रिया सुरु गरिनेछ । त्यस्तै, १० हजार आठ सय मेगावाट क्षमताको कर्णाली चिसापानी जलविद्युत् आयोजनाको विस्तृत अध्ययनसहित इञ्जिनियरिङ डिजाइनको कार्य सुरु गर्ने प्रबन्ध बजेटमा गरिएको छ ।

सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत ऊर्जालाई स्वच्छ एवम् नवीकरणीय ऊर्जाको उपयोग र प्रवर्द्धनमार्फत विस्थापन गर्दै जाने लक्ष्य राखिएको छ । निजी क्षेत्रको लगानीमा एक सय मेगावाट क्षमता बराबरको सौर्य ऊर्जा प्रणाली जडानका लागि आवश्यक व्यवस्था बजेटले गरेको छ । हरित हाइड्रोजनको उत्पादन, भण्डारण र प्रयोगलाई प्रोत्साहन गर्ने सरकारको नीति छ । ढल्केबर इनरुवा प्रसारण लाइन, बाह्रबिसे खिम्तीलप्सीफेदी चार सय केभी क्षमताको प्रसारण लाइन निर्माण सम्पन्न गरिनेछ । ती आयोजना हाल निर्माणका क्रममा छन् । सेती करिडोर, भेरी करिडोर र बूढीगण्डकी करिडोर प्रसारण लाइन निर्माण सुरु गर्ने सरकारले लक्ष्य निर्धारण गरेको छ ।

न्यू बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको निर्माण सम्पन्न गर्ने लक्ष्य बजेटले लिएको छ । इनरुवा पूर्णिया, दोदोधारा बरेली प्रसारण लाइन निर्माणका लागि आवश्यक व्यवस्था गरिएको छ । प्रसारण लाइनको 'राइट अफ वे'का लागि आवश्यक पर्ने जग्गा प्राप्तिका लागि जग्गाधनीलाई शेयर प्रदान गर्ने व्यवस्था बजेटमा गरिएको छ । अर्थमन्त्री पुनले ऊर्जा क्षेत्रका लागि रु ५० अर्ब ७४ करोड बराबरको बजेट विनियोजन गरिएको जानकारी दिए ।

### १६ लाख विदेशी पर्यटक पुऱ्याउने लक्ष्य

**काठमाडौं (प्रस)–** सरकारले आगामी वर्ष १६ लाख विदेशी पर्यटक भित्र्याउने घोषणा गरेको छ । संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को बजेटमा यस्तो घोषणा गरिएको हो ।

नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार सन् २०२३ मा १० लाख सन् २०२३ मा अघिल्लो वर्ष सन् २०२३ मा १० लाख १४ हजार आठ सय ८२ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । यससँगै उक्त वर्ष १० लाख विदेशी पर्यटक भित्र्याउने सरकारको लक्ष्य पूरा भएको थियो । यद्यपि सरकारले आगामी वर्ष हालको संख्याको दोब्बर अर्थात् २० लाख पर्यटक भित्र्याउने घोषणा गरेको थियो । बजेट वक्तव्यमा भने १६ लाख पर्यटक भित्र्याउने उल्लेख गरिएको छ ।

कोभिड महामारीपछि मुलुकको पर्यटन पुरानै लयमा फर्किएको छ । सन् २०२४ को सुरुआती महिनादेखि निरन्तर विदेशी पर्यटक आगमन वृद्धि भइरहेको छ । पछिल्लो मे महिनामा मात्रै एक लाख ११ हजार विदेशी पर्यटक नेपाल आएका छन् । महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए । तर सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको संख्या ८१ प्रतिशतले कमी आई दुई लाख ३० हजार ८५ संख्यामा खुम्चिएको थियो ।

**संस्कृति मन्त्रालयमा झण्डै १२ अर्ब**

सरकारले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका लागि झण्डै रु १२ अर्ब बजेट विनियोजन गरेको छ । बजेटमा पर्यटन मन्त्रालयका लागि रु ११ अर्ब ९१ करोड बजेट विनियोजन गरिएको हो ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल सार्वजनिक निजी साझेदारीमा निर्माण गर्न आगामी आर्थिक वर्षभित्र लगानीको ढाँचा र पूर्वतयारीको काम सम्पन्न गर्ने बजेटमा समेटिएको छ ।

# बजेटमा यस्तो छ करको दर हेरफेर

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले विभिन्न वस्तु तथा सेवाको करका दरमा हेरफेर गरेको छ । संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा मंगलबार अर्थमन्त्री वर्षमान पुनद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को बजेटमा उद्योगले पैठारी गर्ने कच्चा पदार्थमा लाग्ने महसुल भन्दा तयारी वस्तुको पैठारीमा लाग्ने महसुल कम्तीमा एक तह कम गरिएको छ ।

स्वदेशी उद्योगलाई प्राथमिकता र प्रश्रय दिन औषधि, इन्डक्सन चुल्हो, धागो, हेल्मेट, अगरबत्ती, सेनिटरी प्याड, काजु र बदाम प्रशोधन, स्प्रिङ पत्ता बनाउने उद्योग लगायतका उद्योगको कच्चा पदार्थमा लागेको पैठारी महसुल र अन्तः शुल्क घटाइएको छ । 'मूल्य अभिवृद्धि कर छुट दिइएका वस्तु र सेवाको सूची घटाउँदै स्वच्छ कर प्रणाली विकास गर्न र कराधार विस्तार गर्न केही वस्तुमा मूल्य अभिवृद्धि कर छुट दिने व्यवस्था खारेज गरेको छु । आलु, प्याज, स्याउ लगायतका तरकारी एवं फलफूलमा लागेको मूल्य अभिवृद्धि कर खारेज गरेको छु', अर्थमन्त्री पुनले भने, 'यसबाट स्वदेशी उत्पादन संरक्षणमा टेवा पुग्ने विश्वास लिएको छु ।'

मदिरा, वियर, सूर्ति र चुरोटमा लगाइएको अन्तः शुल्कको दरमा वृद्धि गरिएको छ । त्यस्तै, मूल्य अभिवृद्धि करमा दर्ताका लागि वस्तु र सेवाको मिश्रित कारोवारमा हाल रहेको थ्रेसहोल्डमा वृद्धि गरी तीस लाख पुऱ्याइएको छ । पेट्रोलियम पदार्थ र कोइलाको पैठारीमा हरित कर लगाइएको छ । स्वदेशी उद्योगको संरक्षण गर्न केही तयारी वस्तुको पैठारी महसुल र अन्तःशुल्कमा वृद्धि गर्ने नीति सरकारले लिएको छ । उद्योगको कच्चा पदार्थको पैठारीमा सहुलियत लिन विभिन्न निकायको सिफारिश आवश्यक पर्ने व्यवस्थामा सुधार गरी उद्योगीलाई नै जिम्मेवार बनाउने व्यवस्था मिलाउने बजेटमा उल्लेख छ । वैदेशिक पुँजी आकर्षित गर्न जनाउँदै सरकारले विदेशी बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको व्याज भुक्तानी गर्दा लाग्दै आएको आयकर घटाएको छ । 'लगानी सम्भाव्य मुलुकबाट लगानी आप्रवाह वृद्धि गर्न दोहोरो करमुक्ति सम्झौताको मोडल विकास गरिनेछ । सो नमुनाका आधारमा सम्भाव्य मुलुकसँग सम्झौता गर्न वार्ता शुरू गरिनेछ', बजेट वक्तव्यमा भनिएको छ ।

त्यस्तै, सूचना प्रविधि उद्योगले आफ्नो नाफा पुँजीकरण गरेमा लाग्ने लाभांश करमा छुट दिने व्यवस्था बजेटमा राखिएको छ । व्यवसायको क्षमता विस्तारका लागि पुँजी वृद्धि गरेको अवस्थामा नियन्त्रणमा परिवर्तनका कारण लाग्ने करमा सहुलियत दिने व्यवस्था पनि सरकारले ल्याएको छ । यसबाट खासगरी स्टार्ट अप र भेन्चर क्यापिटल, प्राइभेट इक्विटि फन्ड लाभान्वित हुने विश्वास लिइएको छ । अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा गरिएका प्रतिवद्धता तथा सम्झौताबमोजिम व्यापार सहजीकरण एवं लगानी प्रवर्द्धन गर्न नयाँ भन्सार ऐन तर्जुमा गरिने योजना सरकारले अघि सारेको छ । दैनिक एक हजार लिटर भन्दा बढी दूध उत्पादन गर्ने पशुपालन फर्म तथा उद्योगले पैठारी गर्ने स्टिल मिल्क क्यानमा लाग्दै आएको १५ प्रतिशत भन्सार महसुल घटाइ एक प्रतिशत मात्र कायम गरिएको छ ।

निकासी कर्ताले विदेशी मुद्रा प्राप्तीको कागजात तत्काल पेश गर्न नसक्ने अवस्था भएमा त्यस्तो कागजात पछि पेश गर्ने शर्तमा निकासी गर्न सकिने निकासी मूल्यको सीमा साविकको अमेरिकी डलर १० हजारबाट वृद्धि गरी अमेरिकी डलर २५ हजार पुऱ्याइएको छ । यसबाट खासगरी साना तथा मझौला निकासी कर्ता उद्योग लाभान्वित हुने ठानिएको छ । वनमारा, पात पतिंगरलगायत खेर जाने सामग्रीबाट बन्ने पिलेटको निकासीमा लाग्ने महशुल हटाइएको छ । अपांगता भएका व्यक्तिले पैठारी गर्ने स्कुटरमा मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्थाको सट्टा भन्सार विन्दुमा नै छुट दिने व्यवस्था बजेटमा राखिएको छ ।

आन्तरिक राजस्व परिचालन रणनीति तर्जुमा गरी लागू गर्ने, छैठौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजनाबमोजिम भन्सार प्रशासन सुधार गर्ने, राजस्व प्रशासनको विभागीय प्रमुखमा पदस्थापन गर्दा आवश्यक पर्ने निश्चित योग्यता एवं कार्यअनुभव सहितको मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने, कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन कार्यान्वयन गर्दै लगिने लगायतका व्यवस्था बजेटमा राखिएका छन् ।

त्यस्तै, कर छुट दिँदा सरकारले त्याग गरेको करको हिसाब सरकारको वित्तीय प्रतिवेदनमा प्रतिबिम्बित हुने गरी कर खर्च प्रणाली अबलम्बन गरिने, विकास सहायतासम्बन्धी नयाँ सम्झौता गर्दा आयोजनालाई कर छुट दिने व्यवस्था गर्नुको सट्टा कर फिर्ता वा निकासाको माध्यमबाट कर छुट प्रदान गर्ने व्यवस्था मिलाइनेलगायत विषय बजेटमा परेका छन् । मूल्य अभिवृद्धि करमा दर्ता भएका सबै करदाताले क्रमशः अनिवार्य रूपमा विद्युतीय प्रणालीबाट बिजक जारी गर्नुपर्ने व्यवस्था मिलाइने बजेटमा उल्लेख छ । वार्षिक रु २५ करोड भन्दा बढीको कारोवार गर्ने सबै करदाताको कारोवारलाई केन्द्रीय बिजक अनुगमन प्रणालीमा आवद्ध गर्नुपर्नेछ । उपभोक्तालाई बिलिङ प्रणालीमा आकर्षित गर्न डिजिटल माध्यमबाट भुक्तानी गरिएको मूल्य अभिवृद्धि करको १० प्रतिशत रकम उपभोक्तालाई फिर्ता दिने व्यवस्थाको कार्यान्वयनमा देखिएका समस्या समाधान गरी आगामी साउनदेखि प्रभावकारी रूपमा कार्यान्वयन गरिने जनाइएको छ ।

सबै सरकारी निकायले स्थायी लेखा नम्बर लिइ विद्युतीय माध्यमबाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने योजना अघि सारिएको छ । त्यस्तै, स्थानीय तहसँग समन्वय र सहकार्य गरी एकीकृत रूपमा करदाता दर्ता गर्ने र करका विवरण संकलन गर्ने कार्यमा सहयोग आदान प्रदान गर्न सूचना प्रणालीको विकास गरिने जनाइएको छ ।

# धितोपत्र बोर्डको संस्थागत शुद्धीकरण

**काठमाडौं (प्रस)–** सरकारले पुँजी बजारका लगानीकर्ताको लगानी र हित संरक्षण गर्न नियामक निकायको संस्थागत शुद्धीकरण गर्ने भएको छ । अर्थमन्त्री वर्षमान पुनद्वारा पेश वार्षिक बजेटमा लगानीकर्ताको हितका लागि धितोपत्र बोर्डको संस्थागत शुद्धीकरण गरिने जनाइएको छ ।

सरकारले नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ लिमिटेडको संरचनागत सुधार गर्ने अर्थमन्त्री पुनले बताए । त्यस्तै वस्तु विनिमय बजार सञ्चालन गर्न कानुनी र संस्थागत व्यवस्था मिलाइने बजेट वक्तव्यमा उल्लेख छ । अर्थमन्त्री पुनले निश्चत रकमभन्दा बढी पुँजी भएका कम्पनीलाई अनिवार्यरूपमा धितोपत्र बजारमा सूचीकृत हुनुपर्ने व्यवस्था गरिने बताए ।

**कृषिमा लगानी दशक घोषणा**

कृषि क्षेत्रमा लगानी बढाउन सरकारले विसं २०८१ देखि २० ९१ सम्मको अवधिलाई 'कृषिमा लगानी दशक' घोषणा गरेको छ ।

अर्थमन्त्री पुनद्वारा प्रस्तुत बजेटमा सरकारी, निजी, सहकारी तथा विकास साझेदारबाट कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्न 'कृषिमा लगानी दशक' घोषणा गरिएको हो ।

कृषिको व्यावसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिने भएको छ । भूगोल, बजार सम्भाव्यता एवं पारिस्थितिकीय विशिष्टता अनुकूल सङ्घ, प्रदेश र स्थानीय तहबाट कृषि उपजको विशेष क्षेत्र पहिचान गरी उत्पादन प्रवर्द्धन गरिने बजेट वक्तव्यमा उल्लेख छ ।

कृषि उपजको उचित मूल्य र बजार सुनिश्चित गर्न सरकार, किसान र व्यवसायी सहभागी हुने गरी करार खेती प्रवर्द्धन गरिने कार्यक्रम सरकारले अघि सारेको छ । कृषि उपज सङ्कलन, प्रशोधन र निर्यात गर्ने फार्मले स्थानीय कृषकलाई आवश्यक पर्ने मल, बीउ तथा अन्य सामग्री प्रदान गरी कृषि उत्पादन खरिद गर्ने सुनिश्चित गरेमा उत्पादित उपजको परिमाणको आधारमा मल, बीउ, कृषि प्रसार सेवा र कर्जामा ब्याज अनुदान प्रदान गरिने भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ